# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्ति, समाज र राष्ट्रको विकासको एकमात्र आधार स्तम्भ शिक्षा हो । देशमा आवश्यक पर्ने सवल तथा दक्ष जनशक्ति उत्पादन गर्ने कार्य शिक्षाबाट नै हुन्छ । शिक्षालाई व्यावहारिक र जीवनपयोगी वनाइ व्यक्तिमा अन्तर निहित प्रतिभाको प्रस्फुटन र व्यक्तित्त्व विकासको सम्भावनालाई मानवीय मूल्य एवम् सामाजिक मान्यता अनुकुल विकास गरी देश निर्माणका लागि उपयुक्त मानव संसाधनको विकास गर्ने र सामाजिकरण र आधुनिकरणका माध्यमले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको सदुपयोग गरी सामाजिक एकतालाई सुदृढ बनाउने तथा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रियमूल प्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रमलाई सम्पूर्ण शैक्षिक कार्यक्रमको मूल दस्तावेजको रुपमा लिइएको हुन्छ । बालबालिकाको स्तर, रुचि क्षमता, तह र उमेर अनुसारको पाठ्यक्रम निर्माण गरिएको हुन्छ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो संगठित ढाँचा हो, जसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण क्रियाकलापहरु समावेश भएको हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०५८) ।

पाठ्यक्रम विकाश तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजको परिवर्तन, राजनीतिक व्यवस्थाको फेरवदल, विश्वव्यापीकरण र नवीनतम ज्ञानको प्रवर्तनका कारण पाठ्यक्रममा समसामयीक परिवर्तन आवश्यक भइरहन्छ । नेपालको लोकतान्त्रिक परिवर्तनले पनि शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ । परिवर्तित सन्दर्भ र एस.एल.सी. अध्ययन प्रतिवेदनका आधारमा शिक्षा प्रणालीमा समसामयिक सुधार गर्ने क्रममा मौजुदा व्यवस्थामा परीवर्तन गरी कक्षा १० बाट मात्र एस.एल.सी. परीक्षा सञ्चालन गर्ने २०६३/७/१४ को नेपाल सरकारको निर्णय कार्यान्वयन हुनुका साथै विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप समेत २०६३/१०/२५ को नेपाल सरकारको निर्णय अनुसार स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप लगायत सम्वद्ध सरोकारवालाको माग, समाजको आवश्यकता, विशेषज्ञहरुको सुझाव तथा नीतिगत परिवर्तन अनुरुप पाठ्यक्रममा रहेका पाठ्यवस्तु समायोजन गरी मौजुदा पाठ्यक्रमलाई समसामयिक परिमार्जन गर्न आवश्यक देखियो । त्यस्तै कक्षा १० बाट माग एस.एल.सी. परीक्षाहुँदा कक्षा ९ र १० का लागि संयुक्त

पाठ्यक्रमलाई छुट्टाछुट्टै बनाउनु पर्ने, कक्षा ९ र १० को पाठ्यभारमा समायोजन आवश्यक हुन गयो । साथै विषयवस्तुको क्षेत्र तथा क्रमको समतलीय र लम्बीय सन्तुलन मिलाई निमावि तहसँगको क्रमागत स्तरीकरण गर्नुपर्ने आवश्यकता पनि महसुस भयो।

यी विविध पक्षलाई ध्यान दिदै माध्यमिक तहको कक्षा ९ र १० को पाठ्यक्रममा रहेका उद्देश्य, विषयवस्तु शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियामा राष्ट्रिय पाठ्यक्रम प्रारुपले प्रस्ताव गरेका सुधारोन्मुख पक्ष क्रमश : समेट्दै जाने क्रममा प्रथम प्रयास स्वरुप मौजुदा पाठ्यक्रमलाई समायोजन तथा परिमार्जन गर्ने कार्य भएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६४) ।

मानिसले परापूर्वकालदेखिनै आफ्ना ज्ञान, सीप र अनुभवलाई नयाँ पिढीमा स्थानान्तरण गर्दै आएका कारण मानव सभ्यताको निर्माण भएको हो । प्रारम्भमा परिवारले आफ्नो सन्तानको सम्पूर्ण आवश्यकता पूरा गर्दथ्यो । मानिसको अनुभवहरु बढ्दै जान थालेपछि समाज जटिल बन्दै गयो र क्रमशः परिवारका जिम्मेवारीहरु धार्मिक सामाजिक एवम् शैक्षिक संथ्थाहरुलाई बाँडिन थाले यसरी मानव सभ्यताको विकासको क्रमसँगै समाजिक मूल्य एवम् मान्यताहरु एक पिंढीबाट अर्को पिँढीमा स्थानान्तरण हुन थाले यही अनुभव स्थानान्तर गर्ने कार्यलाई शिक्षा भनिएको हो । शिक्षा भनेको ज्ञान प्राप्ति हो, शिक्षा जीवनभर चलिरहने प्रक्रिया हो बालक जन्मेदेखि मृत्यु पर्यन्त केही न केही सिकिरहेको हुन्छ त्यो सवै संगालो नै शिक्षा हो ।

राष्ट्रिय परम्परा, संस्कृति सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमता अनुरुपठोस योगदान दिनसक्ने सीपयुक्त जनशक्ति उत्पादन गुर्न, विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेतनागरिक तयार पार्नु हो । माध्यमिक तहको यो उद्देश्य पुरा गर्न कक्षा ९ मा ३९ पाठ्यभार ८०० पूर्णाङ्क र कक्षा १० मा ३९ पाठ्यभार ८०० पूर्णाङ्क कायम भएका विभिन्न विषयको पठनपाठन हुन्छ । त्यसमध्ये ६०० पूर्णाङ्कको अनिवार्य विषयहरु र २०० पूर्णाङ्कको ऐच्छिक विषयको पठन-पाठन गरिएको व्यवस्था गरिएको छ । ऐच्छिक ९ वटा विषयहरुमा अर्थशास्त्र, गणित, भूगोल, इतिहास, शिक्षा, कार्यालय सञ्चालन र लेखा, कृषि शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा कम्प्यूटर विज्ञान

मध्ये शिक्षा विषयलाई पाँचौ नम्वरमा उल्लेख गरिएको छ। विद्यार्थीहरुले ऐच्छिक विषयहरु मध्ये ऐच्छिक द्वितीय पत्रको रुपमा शिक्षा विषय लिइ अध्ययन गर्न पाउने व्यवस्था गरेको छ (पाठ्यक्रम विकास केन्द्र, २०६४)।

माध्यमिक शिक्षा पाठ्यक्रम ढाँचा अनुसार ऐच्छिक द्वितीय पत्रको रुपमा रहेको शिक्षा विषयको पाठ्यक्रमले प्राथमिक तहमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न आवश्यक ज्ञान, सीप प्रदान गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेको हुनाले यस विषयको मूल्याङ्कन प्रक्रियाले पनि उक्त ज्ञान सीपको मूल्याङ्कन गर्न आवश्यक देखिन्छ। यसै कुरालाई दृष्टिगत गरी यस विषयलाई सैद्धान्तिक र प्रयोगात्मक गरी दुई भागमा वाँडिएको छ। सैद्धान्तिक तर्फ ७५ प्रतिशत र प्रयोगात्मक तर्फ २५ प्रतिशत अङ्कभारको मूल्याङ्कन प्रक्रिया पाठ्यक्रमले निर्दिष्ट गरेको छ (पाठ्यक्रम विकास केन्द्र, २०६५)।

पाठ्यक्रम एउटा सिकाइ योजना हो। राष्ट्रले राखेका शिक्षाका उद्देश्यहरु पूरा गर्नका लागि विद्यार्थीहरुमा योजनावद्ध रुपमा ज्ञान, सीप तथा अनुभवहरु प्रदान गर्नुपर्दछ। उद्देश्य पूरा गर्न विषयवस्तु छनौट गरिन्छ। विषयवस्तु मार्फत विद्यार्थीलाई ज्ञान, सीप र व्यवहारिक कुराहरु सिकाइन्छ। पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। यस अध्ययनमा माध्यमिक तहको ऐच्छिक द्वितीय शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थाको अध्ययन गरिएको छ।

## १.२ समस्याको कथन

व्यक्ति समाज र राष्ट्रको विकास गर्न समर्थ नागरिक तयार पार्न शिक्षाको अहम् भूमिका रहेको हुन्छ। शिक्षण सिकाइ क्रियाकलापमा स्तरीयता प्रदान गरी शैक्षिक गुणस्तरको सुनिश्चितता प्रदान गर्न शिक्षा शिक्षणले सहयोग पुऱ्याउदछ। प्रतिस्पर्धी एवम् दक्ष नागरिक तयार पार्न शिक्षाको अवधारणा सिकाइ सिद्धान्त, वालविकास, पाठ्यक्रम र पाठ्यपुस्तक शैक्षिक योजना निर्माण, शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग, कक्षा कोठा व्यवस्थापन विद्यालय समुदाय, अशल शिक्षक तथा विद्यार्थी चरित्र, सिकाइ र उत्प्रेरणा जस्ता विषय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप, अभिवृत्तिको विकास उत्यावश्यक हुन्छ। यसका लागि निर्धारित पाठ्यक्रमलाई निर्धारित समय भित्र प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्दछ।

समयसँगसगै व्यक्तिको रुची चाहना, सामाजिक आवश्यकता मूल्य र मान्यताहरु परिवर्तन हुदै जान्छन् । व्यक्ति र समाजका यि आवश्यकता एवम् मूल्य मान्यता सन्दर्भमा माध्यमिक तहमा ऐच्छिक विषयको शिक्षा विषयको पाठ्यक्रमले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नु, पाठ्यक्रमको कार्यान्वयन पक्ष फितलो हुनु, शिक्षकले पूर्व तयारी नगर्नु, पाठ्यक्रमले राखेको उद्देश्य अनुरुप पठन-पाठन नहुनु, पाठ्यक्रमको उद्देश्य अनुरुप शैक्षिक सामाग्रीको प्रभावकारी प्रयोग नहुनु, उपयुक्त शिक्षण विधि तथा शिक्षण क्रियाकलापको प्रयोग नहुनु, योजना वद्ध शिक्षण सिकाइ नहुनु, मूल्याङ्कन प्रणाली प्रभावकारी नहुनु आवश्यक पाठ्यपुस्तक सन्दर्भपुस्तक शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोग नहुनु जस्ता समस्यामा यो अध्ययन केन्द्रित रहेको छ ।

माध्यमिक तहको ऐच्छिक द्वितीय शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा धेरै कठिनाइ महशुस गरिएको छ । यसै सन्दर्भमा माध्यम माध्यमिक तहको ऐच्छिक शिक्षा विषयको पाठ्यक्रमले निर्धारण गरेका पाठ्यवस्तुहरु उचित छन् वा छैनन् ? शिक्षण गर्ने शिक्षकको पूर्व तयारी कस्तो छ ! शिक्षकले कस्ता शिक्षण विधि प्रयोग गरेछन् । के कस्ता सामाग्री प्रयोग गर्दछन् ? शिक्षण सिकाइका समस्याहरु के के छन् ? ती देखिएका विविध समस्याहरुको पहिचान गर्न, समस्या समाधानका उत्तम उपायहरु पत्ता लगाइ सुधार गर्न विधार्थीको सिकाइ उपलब्धि सम्बन्धि समयमानै सूचनाहरु प्राप्त गरी पृष्ठपोषण दिन सिकाइलाई प्रभावकारी बनाउनमा शिक्षकलाई सहयोग गर्नका साथै सरोकारवालाहरु प्र.अ., शिक्षक, कि.नी. स्रोतव्यक्ति अभिभावक अनुसन्धानकर्ता, नीतिनिर्माता, योजनाकार तथा शिक्षासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध र चासो राख्ने सवैका लागि फाइदा हुने भएकोले अध्ययनको आवश्यकता महशुस गरी खोज अनुसन्धान गर्न लगिएको हो ।

## १.३ अध्ययनको औचित्य

माध्यमिक तह उच्च शिक्षाको आधार हो । हरेक विषयको सही तथा उचित तरिकाले कार्यान्वयन तथा शिक्षण गराइएन भने माध्यमिक तहको उद्देश्य पुरा हुन सकदैन र शिक्षाको लक्ष्य पनि पुरा हुदैन त्यसकारण हरेक तहको पाठ्यक्रम कार्यान्वयन सही रुपमा प्रयोग गर्नु आवश्यक हुन्छ । प्रभावकारी शिक्षणका लागि अपनाइने प्रभावकारी सञ्चार माध्यम नै शिक्षण विधि भएकोले प्रभावकारी शिक्षणका लागि शिक्षण विधि, शिक्षण सामग्री शिक्षणका लागि गरिने पूर्व तयारी महत्वपूर्ण मानिन्छ । विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिमा

सुधार ल्याउन विषय वस्तु अनुरुप शिक्षण तथा शिक्षण सामग्रीको प्रयोग गरिनु पर्दछ । यस अध्ययनले ऐच्छिक द्वितीय पत्र शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा भइरहेको अवस्थाको जानकारी गराउने हुनाले यो अध्ययनको औचित्य रहेको छ ।

पाठ्यक्रमको महत्व, क्षेत्र र क्रमअनुसार आएका उद्देश्यहरू प्राप्त गरी सिकाइ उपलब्धि बढाउन नविन ज्ञानको भण्डारन गर्न, पाठ्यपुस्तकलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न र प्रयोगात्मक कार्यमा सामेल हुन समेत सहयोग पुग्दछ । प्रयोगशाला व्यवस्थापन, शैक्षिक सामग्रीको उपलब्धता, शैक्षिक योजना निर्माण, र पुस्तकालय निर्माण गरी सिकाइ अनुकूलको वातावरण निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन भए ता पनि उपयोगी बनाइ प्रयोग गर्न र तालिम सामग्रीहरू बनाउन समेत प्रशिक्षकलाई, शिक्षकलाई र विद्यार्थीलाई सहयोग पुग्ने देखिन्छ । विद्यार्थी, विद्यालय, प्रशिक्षक, योजनाकार, शिक्षा कार्यालय आदि जस्ता सम्बन्धित निकायलाई र शिक्षा विषय प्रति सिकाइ उपलब्धि वढाउन खोज्ने सवैलाई सहयोग पुग्ने देखिन्छ । माध्यमिक विद्यालयमा शिक्षा विषयमा पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयनको अवस्था पत्ता लगाउदा भावी दिनमा अन्य व्यक्तिलाई समेत यसले सहयोग पुग्ने अर्को औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु राखिएका छन् :

क) शिक्षा विषयको पाठ्यक्रमको अवस्था पहिचान गर्ने,

ख) शिक्षा विषयको पाठ्यक्रमको कार्यान्वयनको अवस्था विश्लेषण गर्ने,

ग) शिक्षा विषयको पाठ्यक्रमको कार्यान्वयनमा देखिएका समस्या पहिचान गरी सुझाउने ।

### १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका माथि उल्लेखित उद्देश्यहरू परिपूर्तिका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजिएको छ :

क) शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तक बीच तालमेल छ कि छैन ?

ख) शिक्षा विषयको पाठ्यक्रम अनुसार  पाठ्यपुस्तक तयार पारिएका छन् वा छैनन् ?

ग) पाठ्यक्रम र शिक्षक निर्देशिकाको तालमेल छ कि छैन ?

घ) पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुसार शैक्षिक सामग्रीको प्रयोग भएको छ वा छैन ?

ङ) पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तु उचित छन् वा छैनन् ?

च) पाठ्यक्रममा निर्धारण भएका विषयवस्तुको क्षेत्र र क्रम मिलेको छ वा छैन ?

छ) परीक्षा सञ्चालन पद्धति ठीक छ वा छैन ?

ज) मूल्याङ्कन पद्धति ठीक छ वा छैन ?

झ) विषयवस्तु अनुसारको पाठ्यभार ठीक छ वा छैन ?

### १.६ अध्ययनको परीसिमा

कुनै पनि अध्ययनको उद्देश्य प्राप्तिका लागि यस विषयको व्यापक अध्ययन स्रोत साधनको परिचालन साथै पर्याप्त समयको अवश्यकता पर्दछ तसर्थ यस अध्ययन कार्यलाई सरल र सहज रुपमा अगाडि बढाउन निम्नानुसारको परीसिमा राखिएको छ ।

क) यो अध्ययन मोरङ जिल्लाको सौठा स्रोत केन्द्रका ३ वटा सामुदायिक विद्यालयहरुमा सीमित गरिएको छ ।

ख) यस अध्ययनको मुख्य क्षेत्र सामुदायिक माधयमिक विद्यालयको कक्षा ९ र १० मा लागु भइरहेको ऐच्छिक  शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा केन्द्रित गरिएको छ ।

ग) यस अध्ययनका लागि छनौट गरिएका उक्त तीनवटा विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु, वि.व्य.स. अध्यक्षहरु, स्रोतव्यक्ति, वि.नि.लाई मात्र यस अध्ययन क्षेत्रभित्र समावेश गरिएको छ ।

### १.७ परिभाषा र व्याख्या

| | |
|---|---|
| सामुदायिक विद्यालय | : नेपालसरकार द्वारा नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय । |
| माध्यमिक विद्यालय | : कक्षा १ देखि कक्षा १० सम्म पढाइ हुने विद्यालय । |
| उच्च मा.वि. | : कक्षा १२ सम्म पढाइ हुने उच्च माध्यमिक विद्यालय । |
| पाठ्यक्रम | : माध्यमिक तहमा अध्ययन गराइने शिक्षा विषयको पाठ्यक्रम । |
| शिक्षक | : विद्यालयको अध्यापक । |
| शिक्षा विषय | : माध्यमिक तहमा पढाइ हुने ऐच्छिक शिक्षा विषय । |
| प्रधानाध्यापक | : विद्यालयको अध्यापक प्रमुख जसले विद्यालयको व्यवस्थापन, प्रशासन र अध्यापन दुवै गर्दछ । |
| अभिभावक | : विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनि विद्यालयको अभिलेखमा जनाएको व्यक्ति । |
| विद्यालय निरीक्षक | : तोकिएका विद्यालयहरुको अनुगमन र निरीक्षण गर्न सरकारद्वारा जिल्ला शिक्षा कार्यालयमा नियुक्त व्यक्ति । |
| स्रोत व्यक्ति | : तोकिएका विद्यालयहरुलाई सहयोग पुऱ्याउन जिल्ला शिक्षा कार्यालयको प्रतिनिधीको रुपमा काम गर्ने विद्यालयका प्रधानाध्यापकहरुले छनौट गरेको व्यक्ति । |

# परिच्छेद दुई : अध्ययनको सैद्धान्तिक ढाँचा, सम्बन्धित अध्ययनको समीक्षा र पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययनलाई पूरा गर्न सम्बन्धित अनुसन्धान, पाठयपुस्तक, विभिन्न अनुसन्धानात्मक प्रतिवेदन, रचना आदिलाई अध्ययन गरी समीक्षा गरिएको छ । यस अध्ययनमा सान्दर्भिक अनुसन्धानलाई मार्गदर्शन एवम् सान्दर्भिक स्रोतका रूपमा लिइएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक ढाँचा

थर्नडाइक (१९१३) का अनुसार शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सुचकलाई क्रमशः अभ्यस्त बनाउदै निचोडमा पुग्नु पर्दछ अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीहरुलाई दैनिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरिक गराउन सकिन्छ । सिकाइ भनेको ठिक व्यवहारलाई आत्मसात गर्नु तथा बेठिक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरु गर्दा गर्दै र प्रतिक्रिया देखाउदा देखाउदै सफलता प्राप्त गर्नु सही समाधान र प्रयासले मात्र स्थायी रुप लिइ सिकाइ स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिएको छ (शर्मा, २०५८ बाट उदृत) ।

थर्नडाइकका अनुसार शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप अभ्यस्त गराउदै निचोडमा पुग्नु पर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थीलाई उत्प्रेरित बनाइ उनीहरुलाई पटक पटक अभ्यास गराउनु पर्दछ पटक पटकको प्रयोगबाट सिकारुले आफुलाई अभ्यस्त बनाउछ र सिकाइ सफल हुन्छ । पाठ्यक्रम कार्यन्वयनको क्रममा के कस्ता प्रयासहरु भए पाठ्यक्रम कार्यान्वयनका लागि पटक पटक मूल्याङ्कन गरिएको छ कि छैन । जस्ता विषयहरुमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

डिबे (१८९६) का अनुसार एक असल सिद्धान्त भन्दा व्यवहारिक वा प्रयोगात्मक अरु केही हुँदैन । कुनै पनि सिद्धान्त व्यवहारिक हुनै पर्दछ र अभ्यासलाई मार्गदर्शन गर्नु पर्दछ । भौतिक तथा प्राकृतिक विज्ञानको क्षेत्रमा सिद्धान्त भन्नाले कुनै पनि समस्याको विषयमा निहित विभिन्न चरहरुको बीचको कारण प्रभाव सम्बन्धबारेमा अध्ययन गरी प्राप्त

तथ्याङ्कको आधारमा निकालिएको सामान्यीकृत वाक्यांश नै सिद्धान्त हो । वैज्ञानिक सिद्धान्त र व्यवहारिक विधाको सिद्धान्त बीचमा प्रयोगका दृष्टिले केही फरक देखिन्छ । वैज्ञानिक सिद्धान्त ज्ञानका लागि ज्ञानको रुपमा मात्र रहन सक्दछ । कारण प्रभाव सम्बन्धको रुपमा स्थापित हुन्छ तर व्यवहारिक विज्ञानका सिद्धान्तले प्रयोगात्मक पक्षलाई जोड दिन्छ -खनाल २०६४बाट उद्दृत) ।

डिबेका अनुसार पाठ्यक्रम विभिन्न सिद्धान्तमा आधारित भएर निर्माण गरिएको हुन्छ । सिद्धान्तले व्यवहारिक र प्रयोगात्मक दुवै रुपलाई ग्रहण गर्नुपर्दछ । यस अध्ययनको क्रममा पाठ्यक्रमलाई कसरी कार्यान्वयन गरिएको छ । यसको प्रयोगात्मक पक्षलाई कसरी सञ्चालन गरिएको छ । पाठ्यक्रमले निदृष्ट गरेको सैद्धान्तिक पक्ष र प्रयोगात्मक पक्ष बीच उचित तालमेल भएको छ वा छैन । त्यसलाई व्यवहारिक बनाइएको छ वा छैन भन्ने विषयमा अध्ययन गरिएको छ ।

टायलर (१९४९) ले एउटा पाठ्यक्रम विकासको चरणको नमूना प्रयोग र प्रचलनमा ल्याए । उक्त नमूनाको प्रयोग र महत्व निकै महत्वपूर्ण रहेको छ । टायलरले आफ्नो नमूनालाई चार चरणमा विभाजन गरेका छन् । उनले यहाँ चारवटा आधार भूत प्रश्नको रुपमा प्रस्तुत गरेका नमूनामा तयार गरिने उत्तरले पाठ्यक्रमको योजना तयार हुने कुरामा विश्वास लिएका छन् । उनको नमूना यस प्रकार छन् । उद्देश्यको रुपमा विषयवस्तुका रुपमा शिक्षण विधिको रुपमा मूल्याङ्कनको रुपमा । उनको भनाइ अनुसार कुनै पनि विद्यालय कार्यक्रम वा पाठ्यक्रमका शैक्षिक उद्देश्यहरु कति प्राप्त भए भनेर निर्धारण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । यसरी उद्देश्यलाई मूल्याङ्कनको प्रमुख आधारको रुपमा लिएर विकास गरिएको व्यवस्थित वैज्ञानिक,तार्किक र स्पष्ट आधार भएको नमूना नै टायलरको नमूना हो (खनाल, तिमिल्सिना २०६१ बाट उदृत) ।

टायलरका अनुसार पाठ्यक्रम कार्यान्वयन गर्दा उद्देश्यअनुसार कार्यान्वयन हुनु पर्दछ र ती उद्देश्यहरु पूरा भएकी भएनन् भनेर मूल्याङ्कनबाट पत्ता लगाउनु पर्दछ । यस अध्ययनमा माध्यमिक तहको शिक्षा विषयका उद्देश्यहरु अनुसार पाठ्यक्रम क्रियाकलापहरु सञ्चालन भएका छन् की छैनन् र ती उद्देश्य पूरा हुने गरी मूल्याङ्कन क्रियाकलपाहरु गराइएको छ कि छैन जस्ता विषयमा अध्ययन गरिएको छ ।

## २ २ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्यान लाई पुरा गर्न सम्बन्धित अनुसन्धान पठ्यपुस्तक बिभिन्न अनुसन्धनात्मक प्रतिवेदन शोधपत्रहरु समय समयमा प्रकासित लेख रचाना आदिलाई अध्यान गरि समिक्षा गरिएको छ टावा १९६२ को अनुसर विधालय भित्र र बाहिर विद्यार्थीहरु एच्छिक प्राप्त गराउन विद्यालयद्धारा गरिने सम्पुर्ण प्रयासलाई भनिन्छ । पाठ्यक्रम सिकाईको एक योजना हो । पाठ्यक्रम भनेको शौच्छिक क्रियाकलापका लागि तयार गरिएको योजना हो पठ्यक्रम योजना पाठ्यक्रमको उदेश्य बिषयवस्तु शिक्षाण विधि र मूल्याङनको समेत योजाना हो । पाठ्क्रम पुर्वनियोजित योजाना भएकोले यसको कार्यान्यनमा विशेष ख्याल गर्नु परर्छ । व्यावहारिक वैज्ञनिक र योजनावद्ध ज्ञान तथा सीप प्रदान गर्ने विस्तृत तथा सँगठित शैक्षिक योजना नै पाठक्रम हो ।

भण्डारी (२०६१) ले माध्यमिक तहको जनसंख्या र वातावरण शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन नामक शिर्षक राखि शोधपत्र तयार गर्ने क्रममा निम्नानुसार प्राप्ति गरेकाछन् । संकलित तथ्याङ्कहरुलाई विश्लेषण गर्दा उद्देश्य व्यवहारिक र विशिष्ट भएको जनसङ्ख्या र वातावरण विषयमा सामाजिक चेतना ल्याउने र विद्यार्थीको व्यवहार परिवर्तन समेत गराउने हुदा पर्याप्तता उपयुक्तता र उपयोगी देखिन्छ । सन्दर्भसामग्रीहरु केही विद्यालयले प्रयोग गर्ने गरेको पाठ्यक्रम र पाठ्यपुस्तकको सम्वन्धमा फरक का साथै चित्रहरु अस्पष्ट र साना भएको कुरा प्राप्त भएको थियो ।

नेशियु (२०६५) का अनुसार प्रभावकारी शिक्षण विधिको प्रयोग गरी पाठ्यक्रमले निर्धारण गरेको सिकाई उपलब्धि प्राप्त गर्नु गराउनका लागि शिक्षकले पाठ्यक्रम पाठ्यपुस्तक एवम् शिक्षक निर्देशिकाको राम्रो अध्ययन गर्ने, वार्षिक दैनिक पाठयोजना निर्माण, शिक्षण सामाग्रीको निर्माण र व्यवस्थापन गरी प्रभावकारी शिक्षण सिकाइ गर्नु पर्दछ।

सेरिड (१९९४) का अनुसार प्राथमिक शिक्षकका लागि कक्षामा पढाउदा पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाहरु पाठ्यपुस्तक र शिक्षकहरु भन्दा बढी उपयोगी रहेको, धेरै जसो विद्यालयहरुमा शिक्षक निर्देशिका नभएको हुँदा शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाठ्यक्रमले तोके अनुसारको विद्यार्थीहरुलाई सिकाइ उपलब्धि हासिल गराउन पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीच सामञ्जस्यता नरहेको शारीरिक शिक्षा र सिर्जनात्मक अभिव्यक्तिशिल कलाका लागि पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अभाव रहेको शारीरिक

शिक्षा र सिर्जनात्मक अभिव्यक्तिशिव कलाका विषय शिक्षकहरुलाई विशेष तालिमको आवश्यकता भएको भन्ने उल्लेख छ ।

सिंह(२०६३)ले निम्न माध्यमिक तहको जनसङ्ख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकको सान्दर्भिकता शोधपत्र तयार गर्नु भएको थियो । जसमा संकलित तथ्याङ्कहरुलाई विश्लेषण गर्दा उद्देश्यहरु र विषयवस्तु बीच सम्बन्ध देखिएको सन्दर्भसामग्रीहरु केही विद्यालयको प्रयोग गर्ने गरेको, शिक्षकहरुबाट वर्ष भरिमा पढाएर पनि नसकिने भएको, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धमा फरकका साथै चित्रहरु अस्पष्ट र साना भएको अभ्यासहरु थोरै भएको उदाहरणहरु पर्याप्त भएको तर विद्यार्थीहरुलाई बुझ्न कठिनाइ भएको भाषा अलि गाह्रो भएको र उदाहरणहरु अलि स्पष्ट नभएको पाइएको थियो।

आचार्य (२००४) ले माध्यमिक तहको सामाजिक शिक्षणमा शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोगको अवस्था सम्बन्धि अध्ययन गर्नुभएको थियो । उनले यो अध्ययन सामाजिक शिक्षा शिक्षणका लागि शैक्षिक सामग्रीको अवस्था, उपलब्धता, मूल्याङ्कन सामग्री प्रयोग गर्न नसक्नाको कारणहरु पत्ता लगाउने उद्देश्य गर्नु भएको थियो । छनौटमा परेका विद्यालयहरुमा प्रधानाध्यापक सामाजिक विषयका विषय शिक्षक कक्षा अवलोकन छलफल अन्तरवार्ताको आधारमा आवश्यक तथ्याङ्क सङ्कलन यसका साथै पाठ्यक्रम पाठ्यपुस्तक निर्देशिकालाई पनि सामग्रीको रुपमा प्रयोग गर्ने भएको थियो ।

अध्ययनको प्राप्तिको रुपमा शिक्षक निर्देशिका अनुरुप सामाजिक शिक्षा अध्ययनगर्दा सामाग्री कै अभाव सामाग्री खरिद गर्न पनि बजार अभाव रहेको सामाजिक शिक्षालाई सामान्य र सरल विषयको रुपमा लिएको, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकलाई कक्षा पनि बढि रहेका जस्ता समस्याहरु उल्लेख गर्नु भएको पाइन्छ । समस्या समाधानका उपायहरु पनि उल्लेख थिए । जसलाई पछि अध्ययन गर्नका लागि सहयोगको रुपमा राख्नु भएको पाइन्छ ।

पौडेल (२०६१) ले माध्यमिक शिक्षाको विज्ञान पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको एक अध्ययन शोधपत्रमा निम्नानुसार प्राप्ति गरेकाछन् । विज्ञान शिक्षकले पाठ्यक्रमको ज्यादै कम प्रयोग गरी पाठ्यपुस्तकको आधारमा मात्र शिक्षण गर्नु, विद्यालयमा प्रयोगशालाको व्यवस्थानहुन शैक्षिक सामाग्री ज्यादै कम हुनु आवश्यक शैक्षिक सामाग्री अभाव हुनु र भएका सामाग्री पनि उपयुक्त ढंगबाट प्रयोग नहुनु, शैक्षिक योजना निर्माण

नगरी शिक्षण गर्नु कक्षाकोठाको उपयक्त व्यवस्थापन गर्न नसक्नु विद्यार्थीको स्तर, धारणा रुचीलाई वेवस्था गरी शिक्षकले एकोहोरो व्याख्यान विधिको भाग प्रयोग गरेर चित्रण गर्नु आदि रहेका थिए ।

भण्डारी (२०६४) ले माध्यमिक विद्यालयको विज्ञान विषयमा प्रयोगात्मक पक्षको शिक्षण एवम् मूल्याङ्कन तोके अनुसार नहुने गरेको पाइयो । विज्ञान शिक्षकले पाठ्यक्रम, प्र्योगात्मक पुस्तिका प्रयोगात्मक परीक्षाको विशिष्टिकरण तालिकाको कम प्रयोग गरेको पाइयो ।  सवै जसो विद्यालयमा विज्ञान प्रयोगशाला, थप पुस्तकहरु र विज्ञान विषयलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु समेत नभएको पाइयो । बुहसख्यक विद्यालयमा भएका शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने नगरेको साथै स्थानीय रुपमा पाइने सामाग्रीलाई शैक्षिक सामाग्रीको रुपमा प्रयोग गर्ने नगरेको देखियो । प्रयोगात्मक कार्यका लागि अलग समयको व्यवस्था नभएको पाइयो प्रयोगात्मक कार्यका लागि अलग समयको व्यवस्था नभएको पाइयो । प्रयोगात्मक पक्षको मूल्याङ्कन पनि विद्यालयमा प्रयोगात्मक पक्षको विशिष्टिकरण तालिकाको आधारमा गर्ने गरेको देखिएन, जसबाट विद्यार्थीहरुमा विज्ञानको पढाइलाई केवल कण्ठस्थ पार्ने र परीक्षाको दृष्टिकोणले मात्र पढ्ने र विज्ञान विषयलाई व्यवहारिक रुपमा ल्याउन नसकेको अवस्था रहेको पाइयो । माध्यमिक तहको विद्यार्थीको हातमा उपलब्ध पाठ्यक्रमको स्वरुप पाठ्यपुस्तक हो । पाठ्यक्रम एक शैक्षिक सत्रमा विद्यालय भित्र गरिने सम्पूर्ण क्रियाकलापको सङ्गालो हो । पाठ्यक्रमका सन्दर्भमा थुप्रै अवधारणा भएता पनि निश्चित विषयवस्तु समेटेर तयार पारिएको सिकाइको योजना हो । यस तहमा पाठ्यक्रम अनुसार राम्रोसँग अध्ययन अध्यापन गर्न गराउन नसकेमा शैक्षिक लगानी साथै शैक्षिक उपलब्धिमा ठूलो नोक्सान हुन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समीक्षा गर्ने क्रममा मेरो अध्ययनलाई महत्वपूर्ण सहयोग पुगेको छ । अध्ययनको क्रमले माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रमको अवस्था सम्बन्धि अध्ययनलाई निश्चित सैद्धान्तिक ढाँचा प्रदान गर्न सहयोग पुऱ्याएको छ ।

अध्ययनका क्रममा प्राप्त सूचनाहरुलाई क्रबद्धरुपलवे गुणात्मक रुपमा व्याख्या विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । यो अध्ययनका सन्दर्भमा वैज्ञानिक व्यवस्थापनका

सिद्धान्तलाई नमुनाछनौटको आधार मानी विद्यालयका सम्पूर्ण पक्षहरुको व्यवस्थापनमा प्र.अ. शिक्षक, कर्मचारी, वि.व्य.स., अभिभावकको पारस्परिक सहयोगको सम्बन्ध र आ-आफ्नो जिम्मेवारी दायित्वबोधको भावना विकसित गरी संस्थालाई अगाडि बढाउनु पर्दछ भनि अध्ययन कार्यलाई सहयोग पुऱ्याएको छ ।

विभिन्न साहित्य लेखहरुको पुनरावलोकनबाट पाठ्यक्रमले राखेका उद्देश्य पुरा गराउनका लागि आवश्यक प्रभावकारी एवम् उपर्युक्त मार्ग दर्शन गर्न सहयोग पुऱ्याएको छ । पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम पाठ्यपुस्तक शिक्षकनिर्देशिका शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापलाई विशेष ध्यान दिनु पर्ने देखिन्छ । पाठ्यक्रम कार्यान्वयन गरी पाठ्यक्रमका उद्देश्य प्राप्त गर्नका लागि शिक्षक र विद्यार्थीहरु बीच कक्षा कोठामा हुने अन्तरक्रियालाई यस अध्ययनको विश्लेषणको एकाइ मानिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि अध्ययनलाई प्रभावकारी र सहज ढंगले सम्पन्न गर्नको लागि विधिहरु पुर्वनिर्धारित हुनुपर्दछ यस अध्ययनमा निम्नानुसारको विधि अवलम्वन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रत्येक अनुसन्धानको अध्ययन गर्ने विषयको प्रकृति अनुसार अध्ययनका ढाँचा पनि फरक-फरक हुन्छन् ।  यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै ढाँचा प्रयोग गरिएको छ । परिमाणात्मक अनुसन्धानलाई वैज्ञानिक व्यवस्थित र व्यवहारिक अनुसन्धान भनिन्छ । यसले अध्ययनको विषयसँग सम्बन्धित चरहरूको कारण-प्रभावका अधारमा नयाँ सिद्धान्त, अवधारणा र सामान्यीकरणको विकास गर्दछ । यसमा तथ्याङ्कशास्त्रीय प्रक्रियाको प्रयोग गरिन्छ । तर गुणात्मक अनुसान्धानलाई प्राकृतिक मानव जातीय अध्ययनको रूपमा लिइन्छ । यसले प्राकृतिक अवस्थामा प्रवेश गरी त्यसको वहु-वास्तविकता पत्ता लगाउनु, प्रकृतिक विविधता पत्ता लगाउनु र त्यसको वारेमा अन्तरदृष्टि प्राप्त गर्नु हो । यसमा व्यख्या र विश्लेषण प्रक्रियाको प्रयोग गरिन्छ । यो अनुसन्धानमा मुख्यतः वर्णात्मक विधि प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या

यस अध्ययनमा मोरङ जिल्लाको सौठा स्रोतकेन्द भित्र सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरु त्यहा कार्यरत प्र.अ. शिक्षक, अध्ययनरत विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, विनी,वि.व्य.स.का अध्यक्ष समेतलाई यस अध्ययनको जनसङ्ख्याको रुपमा लिइएको थियो ।

## ३.३ नमूनाको छनौट

यस अध्ययन कार्यको लागि आवश्यक पर्ने सूचना संकलन गर्न प्रत्येक तीनवटै विद्यालयहरुबाट प्र.अ., एक एक जना सम्बन्धित विषय शिक्षक, पाँच पाँच जना विद्यार्थीहरु, पाँच पाँच जना अभिभावकहरु, एक एक जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, एक जना स्रोतव्यक्ति तथा एक जना वि.नी. रहनेछन् । नमूना छनौट गर्न उद्देश्य मूलक नमूना छनौटको विधि प्रयोग गरी सौठा स्रोत केन्द्र अन्तरगत ऐच्छिक द्वितीय शिक्षा विषय

पढाइ हुने तीन वटा सामुदायिक विद्यालय छनौट गरिएको छ । छनौट गरिएका प्रत्येक विद्यालयबाट ५/५ जना अभिभावक र कक्ष ९ बाट २ जना र कक्षा १० बाट ३ जना गरी प्रत्येक विद्यालयबाट ५/५ जना विद्यार्थीलाई चिठ्ठा प्रणालीबाट छनौट गरिएको छ । नमूना छनोट गर्दा स्रोत, साधन र समयको उपलब्धता साथै भौगोलिक निकटतालाई मूल आधारको रुपमा लिइने छ । स्थानीय रुपमा संकलित तथ्याङ्कहरुमा वैधता र विश्वसनीयता साथै मितव्ययिता पनि हुने भएकोले सौठा स्रोत भित्रका तीनओटा विद्यालयहरु छनौट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक सूचना सङ्कलन प्रकृयामा आधारित रहेर तयार गरिने हुनाले यसका लागि निम्न अनुसारका साधनहरुको प्रयोग गरिएको छ ।

क) लक्षित समूह छलफल

शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थाका विषयमा सवै सरोकारवालाहरुको धारणा एकै ठाउँमा राखेर बुझ्न एक जना स्रोतव्यक्ति, एक जना विनि, तीन जना प्रअ, तीन जना विषय शिक्षक तथा तीन वटै विद्यालायका ५/५ जना अभिभावकहरुको संयुक्त भेला गराई समुह छलफल गरिएको छ ।

ख) दस्तावेज अध्ययन

पाठ्यक्रम कार्यान्वयनको अवस्थाका विषयमा आवश्यक पर्ने सूचनाहरु संकलन गर्नका लागि तीनवटै विद्यालयमा रहेका विद्यार्थी सम्बन्धी अभिलेखहरु, पुस्तक वितरण अभिलेख, पाठ्यक्रम सम्बन्धी विभिन्न पुस्तकहरु, शिक्षकको योग्यता र तालिम सम्बन्धी अभिलेख, वार्षिक योजना, पुस्तक, विशिष्टीकरण तालिका अध्ययन गरी सूचना संकलन गरिएको छ ।

ग) अवलोकन

पाठ्यक्रम कार्यान्वयनको अवस्थाको विषयमा तीन वटै विद्यालयका शिक्षा विषय अध्यापन गराउने शिक्षकहरुको कक्षा अवलोकन गरी कक्षा अवलोकन फारम भरी तथ्यांक संकलन गरिएको छ ।

घ) अन्तरवार्ता

पाठ्यक्रम कार्यान्वयनको अवस्था, शैक्षिक सामग्री प्रयोगको अवस्था, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण भए नभएको विषय शिक्षकले दैनिक पाठ योजना बनाउने गरे नगरेको विषयहरुमा स्रोत व्यक्ति, विनी, प्रअ तथा शिक्षकहरुका लागि अन्तवार्ता लिएको छ ।

ङ) प्रश्नावली

पाठ्यक्रम कार्यान्वयनका अवस्थाका विषयमा तथ्याङ्क संकलन गर्न विद्यार्थी शिक्षक, प्रअ., स्रोतव्यक्ति र विनिहरुका लागि अलग अलग प्रश्नावलीको प्रयोग गरिएको छ ।

## ३.५ साधनको वैधता

यस अध्ययनसँग सम्बन्धित सूचनाहरुको संकलन गर्न निर्माण गरिएका साधानहरुलाई सहपाठी बीचमा छलफल गराइने छ ।छलफलबाट आवश्यक सुधार गर्नु परेका कुराहरु सुधार गरिएको छ । सुधारिएका साधनहरुलाई सम्बन्धित क्षेत्रका विषय विशेषतालाई मूल्याङ्कन गर्न अनुरोध गरिएकोछ । विशेषज्ञका सुझाव तथा शोध निर्देशकको सल्लाहलाई मूख्य आधार मानी छनौट गरिएका साधनहरुको वैधता निर्धारण गरिएकोछ ।

## ३.६ तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न प्राथमिक तथा द्वितीय दुवै किसिमका तथ्याङ्क श्रोतहरुको प्रयोग गरिएको छ ।

क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तरगत छनौटमा परेका विद्यालयका प्र.अ., विद्यार्थी, शिक्षक, अभिभावक, स्रोत व्यक्ति, वि.नी.लाई उनीहरुसगै नै आमने सामने भएर प्रश्नावली अन्तरवार्ता, अवलोकन र छलफलबाट सुचनाहरु संकलन गरिएको छ ।

ख) द्वितीय स्रोत

द्वितीय स्रोत अन्तरगत छनौटमा परेका विद्यालयका सम्वन्धीत अभिलेख पत्रपत्रिका विभिन्न बुलेटिन, शिक्षा विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र सम्बन्धित अन्य पुस्तकहरुको आधार लिएर सूचना संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलन गर्न अध्ययनकर्ता स्वयम अध्ययन क्षेत्र गइ अध्ययनका लागि तयार पारिएका साधानहरुको प्रयोग गरी सूचना संकलन प्रक्रिया अगाडि बढाइने छ । यस अध्ययनका लागि उद्देश्य मुलक नमुना छनौट विधि बाट सौठा स्रोत केन्द्र भित्रका ३ वटा सामुदायिक विद्यालयहरु श्री सरस्वती उ.मा.वि, इटहरा ७, श्री दुर्गा मा.वि., इटहरा ६,र श्री जनता मा.वि. इटहरा ३ छनौट गरी उक्त विद्यालयका विद्यार्थी, शिक्षक अभिभावक वि.व्य स. का अध्यक्ष स्रोत व्यक्ति तथा वि.निलाई प्रश्नावली अन्तवार्ता छलफल अवलोकन फारम र विद्यालयका दस्तावेज अध्ययनबाट सूचनाहरु संकलन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यलाई पूरा गर्न अध्ययन गरिएका पाठ्यपुस्तकहरूलाई सन्दर्भग्रन्थमा राखिएको छ ।  ३ वटा सामुदायीक विद्यालयमा अनुसन्धानकर्ता पुगी पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तक भए नभएको, विद्यार्थीले कुन पाठ्यपुस्तक प्रयोग गरेका छन्, कक्षाकोठामा पाठ्यपुस्तक लैजाने र नलैजाने विद्यार्थी कति छन्, विद्यार्थीले पाठ्यपुस्तक के के कार्यको लागि प्रयोग गर्दछन् र अन्य पाठ्यसामग्रीका रूपमा शैक्षिक सामग्रीहरू के कति छन् ? शिक्षकले कुन शिक्षण विधिहरू प्रयोग गर्दछन् भनि अनुसन्धानका साधनहरू प्रयोग गरी सूचना सङ्कलन गर्दै आवश्यक तथ्याङ्कहरूलाई  तालिका, चार्टमा राखी संख्यात्मक रुपमा परिमाणात्मक तरिकाबाट र व्याख्या र विश्लेषणका अधारमा गुणात्मक तरिकाबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यका लागि चाहिने आवश्यक तथ्याङ्क प्राप्त गरिसकेपछि ती प्राप्त तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुसार क्रमवद्ध रुपमा व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनका निमित्त आवश्यक पर्ने सूचनाहरु छलफल, दस्तावेज अध्ययन, अवलोकन अन्तरवार्ता र प्रश्नावली जस्ता साधनहरुको प्रयोग गरी संकलन गरिएको थियो । यस अध्ययनको शिर्षक “माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था” रहेको छ । यस अध्ययनको लागि मोरङ जिल्लाको सौठा स्रोत केन्द्र अन्तरगत इटहरा गा.वि.स. मा रहेका विद्यालयमा शिक्षा विषय अध्यापन गराउने एक -एक जना शिक्षक, पाँच-पाँच जना विद्यार्थी, प्र.अ. व्यवस्थापन समितिका अध्यक्ष, सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति. वि.नी. र सम्बन्धित प्रत्येक विद्यालयका पाँच-पाँच जना अभिभावकहरुबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कहरुको व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ शिक्षा विषयको पाठ्यक्रमको वर्तमान अवस्था

माध्यमिक तहको कक्षा ९ र १० मा ऐच्छिक द्वितीय विषयको रुपमा रहेको शिक्षा विषयको पाठ्यक्रमको वर्तमान अवस्थालाई निम्न बुदाँहरुमा उल्लेख गरिएको छ ।

### ४.१.१ पाठ्यक्रमले अपेक्षा गरेका सिकाइका साधारण उद्देश्यहरु

माध्यमिक तहको कक्षा ९ को शिक्षा विषयको अध्ययन पूरा गरिसकेपछि यस विषयमा विद्यार्थीहरु निम्न लिखित कार्यहरुमा सक्षम हुनेछन् ।

१. शिक्षाको अर्थ, उद्देश्य र कार्य, शिक्षाको स्वरुप, वैकल्पीक शिक्षा एवम् आधुनिक चिन्तनको व्याख्या गर्न,

२. नेपालका वर्तमान विद्यालय तहका शैक्षिक उद्देश्य र संरचनाको परिचय दिइ नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरु उल्लेख गर्न,

३. बालविकासका विभिन्न अवस्था एवम् तीनका विशेषतासँग परिचय दिई बालविकासमा प्रभाव पार्ने तत्वहरुको वर्णन गर्न,

४. पाठ्यक्रमको अवधारणा, पाठ्यक्रमको तत्व, निर्माणका आधार, एवम् विकास प्रक्रियाको उल्लेख गर्न,

५. प्राथमिक तहका पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भसामग्रीको परिचय दिइ तिनको समुचित उपयोग गर्न,

६. शैक्षणिक योजनाको परिचय दिई तिनको निर्माण र प्रयोग गर्न,

७. प्रभावकारी शिक्षण प्रक्रियाका लागि उपयुक्त ढंगले कक्षाकोठा व्यवस्थापन गर्ने सीप विकास गर्न,

८. शिक्षण विधि, शैक्षिक सामग्री र आधुनिक शिक्षण प्रविधि, एवम् तिनको प्रकारको परिचय दिई तिनको छनौट र प्रयोग गर्न,

९. विद्यार्थी मूल्याङ्कनको अवधारणासँग परिचित भइ मूल्याङ्कनका विभिन्न साधनकहरुको निर्माण र प्रयोग गर्न,

१०. असल विद्यार्थी र शिक्षकका गुणहरु पहिचान गर्न,

११. विद्यालयमा सञ्चालन गरिने अतिरिक्त/सहकार्यकलाप पहिचान गरी तिनमा सक्रिय सहभागिता जनाई सञ्चालन गर्न,

१२. सिकाइको अर्थ र नियम बताई सिकाइमा प्रभाव पार्ने तत्वहरु उल्लेख गर्न,

१३. उत्प्रेरणाको अर्थ बताई कक्षामा उत्प्रेरणा बढाउने उपायको अवलम्बन गर्न,

१४. शिक्षक शिक्षाको अवधारणा र महत्वको वर्णन गरी अध्यापन अनुमति पत्रको आवश्यकता र वर्तमान व्यवस्थाका बारेमा उल्लेख गर्न,

१५. समावेशी शिक्षा र शैक्षिक विकेन्द्रीकरणको अवधारणा आत्मसात् गरी लोकतन्त्र, मानवअधिकार र शान्ति शिक्षाको प्रवर्धनमा सहयोग पुऱ्याउन,

१६. विद्यालय र समुदायको अन्तरसम्बन्ध उल्लेख गरी विद्यालय व्यवस्थापनमा सहयोग पुऱ्याउने विभिन्न पक्ष तथा नियकायको भूमिकाको वर्णन गर्न,

१७. नेपालका शैक्षिक प्रशासन सम्बन्ध निकायको परिचय दिई तिनको कार्य बताउन,

माथि उल्लेखित माध्यमिक तहको शिक्षा विषयका साधारण उद्देश्यहरु हासिल गर्नका लागि कक्षा ९ को शिक्षा विषयका २५ ओटा विशिष्ट उद्देश्य र कक्षा १० को शिक्षा विषयका २८ ओटा विशिष्ट उद्देश्य हासिल गर्नुपर्दछ। विशिष्ट उद्देश्यहरुलाई अनुसूची ९ मा राखिएको छ।

माथि उल्लेखित विषयवस्तुहरु समेटेर कक्षा ९ र १० अध्यापन गराइने शिक्षा विषयको पाठ्यक्रम तयार पारिएको छ। यस शिक्षा विषयका पाठको प्रस्तुतीकरण गर्दा

छलफलबाट शुरु गराउनु पर्दछ । छलफलमा शैक्षिक सामाग्रीको प्रस्तुती खोज, अनुसन्धान तथा प्रदर्शनलाई प्राथमिकता दिनुपर्दछ विषयवस्तुको प्रस्तुती पछि विद्यार्थीहरुलाई नै उदाहरणहरु खोज्न लगाउनु पर्दछ । विद्यार्थीको रुचि र क्षमतालाई विचारगरी शैक्षणीक योजना निर्माण सामग्रीको छनौट निर्माण र प्रयोग तथा शिक्षासँग सम्बद्ध सैद्धान्तिक पक्षलाई प्रयोग गरी अभ्यास गर्ने अवसर प्रदान गर्नुपर्दछ ।

निर्दिष्ट उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने विभिन्न शिक्षण विधिहरुको प्रयोग गर्नु पर्ने हुन्छ । सबै परिस्थितिमा एकै विधी उपयुक्त वा पूर्णता नहुन सक्छ त्यसैले सम्बन्धित विषय शिक्षकले कक्षाकोठाको वातावरण या परिस्थिति अनुकुल उपयुक्त शिक्षक विधिको छनौट गर्नुपर्दछ यसका लागि प्रवचन विधि, प्रश्नोत्तर विधि, छलफल विधि, परियोजना विधि, समस्या समाधान विधि, खोज विधि, क्षेत्रभ्रमण विधि, प्रयोगात्मक कार्य आदि उपयुक्त हुन्छन् ।

पाठ्यक्रमको सही रुपमा कार्यान्वयन गर्नका लागि प्रभावकारी शिक्षण सिकाइका साथै मूल्याङ्कन प्रक्रियाको विशेष उद्देश्यहरु हासिल भए वा भएनन् भनी विद्यार्थीको मूल्याङ्कन गरिनु पर्दछ । मूल्याङ्कनको नतिजाका आधारमा शिक्षण सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गर्न निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नुपर्दछ । निर्णयात्मक मूल्याङ्कन गर्न प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक परीक्षा र परीक्षाको क्रममा समेत सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने हुन्छ । परीक्षामा उत्तिर्ण हुनका लागि विद्यार्थीले सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा अलग-अलग उतिर्ण हुनु पर्नेछ ।

### ४.१.२ माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम भित्र रहेका विषयवस्तु

वर्तमान समयमा नेपालमा माध्यमिक तहमा ऐच्छिक द्वितीय विषयको रुपमा शिक्षा विषयको अध्यापन गराइदै आएको छ । यस विषयमा शिक्षाका नविनतम सिद्धान्त, समावेशी अवधारणा, लोकतन्त्र मानवअधिकार, शान्ती जस्ता पक्षहरुलाई समेत समायोजन गरी पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रमका आधारभूत सिद्धान्तका रुपमा रहेका तहगत लखीय तथा समतलीय सन्तुलन लाई यथेष्ट विश्लेषण गरी पाठ्यक्रम परिमार्जन गरिएको छ । यिनै कुराहरुलाई ध्यानदिदै माध्यमिक तहको शिक्षा विषयमा सैद्धान्तिक विषयलाई १४ एकाई/विषयक्षेत्र राखिएको छ । १४ वटा एकाइका लागी ११८ पाठ्यभार राखिएको छ र प्रयोगात्मक विषयलाई ३२ पाठ्यभार कायम गरी जम्मा १५० पाठ्यभार कायम गरिएको छ।

विद्यार्थीको उमेर र तहगत रुपमा विषयवस्तुहरु धेरै राखिएको देखिन्छ। पाठ्यभारको आधारमा विषयवस्तु अत्याधिक भएको हुदा समयमा नै पाठ्यक्रमको पूर्ण कार्यान्वयनमा समस्या रहेको देखिन्छ। शिक्षा विषयको कक्षा ९ र १० को पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरुको क्षेत्र र क्रम अनुसूचीमा देखाइएको छ।

### ४.१.३ विशिष्टकरण तालिकाको प्रयोग

माध्यमिक तहको कक्षा ९ र १० मा ऐच्छिक द्वितीय विषयको रुपमा रहेको शिक्षा विषयको पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, बोध, व्यवहारिक सीप र समस्या समाधान सम्बन्धि उद्देश्यहरु प्राप्ति भए नभएको सही तरिकाले मूल्याङ्कन गर्नका लागि सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको विशिष्टिकरण तालिकाको समेत व्यवस्था गरिएको छ। यस विषयमा जम्मा चौध वटा एकाइ विषय क्षेत्र तोकिएको छ। ज्ञान तथा बोध तहमा तथ्य, सूचना, व्याख्या र वर्णन गर्ने खालका प्रश्नहरु सोधिने छन् व्यवहारिक सीप तहमा विद्यार्थीले प्राप्त ज्ञान, सीपको प्रयोग गर्ने तथा संयो्जन गर्ने व्यवहारिक क्षमता सम्बन्धि प्रश्नहरु समावेश गरिनेछ। समस्या समाधान अन्तरगत समस्यामूलक तय घटनामा आधारित व्यावहारिक प्रश्नहरु सोधिनेछ एकाइ ८ र ९ तथा एकाइ १३ र १४ वाट वैकल्पिक प्रश्नदिई प्रत्येक एकाइबाट १/१ प्रश्न सोधिने र ती दुई एकाइ मध्येका प्रश्नबाट एउटा एउटा मात्र प्रश्नको उत्तर दिनुपर्ने छ। सैद्धान्तिक परीक्षा ७५ अङ्कको र प्रयोगात्मक परीक्षा २५ अङ्कको हुनेछ। प्रयोगात्मक परीक्षा विद्यालयले त्रैमासिक परीक्षा १० प्रतिशत, अर्धवार्षिक परीक्ष ३० प्रतिशत र वार्षिक परीक्षामा ६० प्रतिशत हुन आउने अङ्कका आधारमा प्रत्येक तीन तीन महिना पश्चात लिन सकिने छ। विशिष्टकरण तालिकालाई अनुसूचीमा देखाइएको छ।

## ४.२ शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण

यस विषयको पाठ्यक्रम, पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु हासिल गराउन अध्यापन गराउनु पर्ने हुन्छ। यस अध्ययनमा मोरङ जिल्लाको सौठा स्रोतकेन्द्र अन्तरगत इटहरा गा.वि.स. भित्रका सामुदायिक विद्यालयहरु श्री सरस्वती उच्चमा वि. इटहरा, श्री दुर्गा मा.वि. दाम्राभिट्टा र श्री जनता मा.वि. ठकठकिया रहेकाछन्। यि विद्यालयहरुमा माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो रहेको थियो भनि निम्न शिर्षकहरुमा स्थलगत अध्ययन गरिएको थियो।

### ४.२.१ पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको अवस्था

पाठ्यक्रम कार्यान्वयन हुने प्रमुख आधार भनेको नै पाठ्यपुस्तक रहेको देखिन्छ । माध्यमिक तहमा पढाइ हुने पाठ्यक्रमले निर्धारण गरे बमोजिमका सम्पूर्ण विषयहरुको पाठ्यपूस्तक नेपाल सरकारले सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क रुपमा उपलब्ध गराउने गरेको छ । राज्यले माध्यमिक तह सम्म सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउने घोषणा गरेता पनि यस अध्ययनमा रहेका सौठा स्रोत केन्द्र अन्तरगतका श्री सरस्वती उ.मा.वि. इटहरा, श्री दुर्गा मा.वि. दाम्राभिट्टा र श्री जनता मा.वि. ठकठकियामा माध्यमिक तहका सम्पूर्ण विद्यार्थीहरुले अहिले सम्म पनि पाठ्यपुस्तक प्राप्त गर्न सकेका छैनन् । समयमा पाठ्यपुस्तक उपलब्ध नहुदा पढाइमा विभिन्न अवरोध रहेको पाइयो । पाठ्यपुस्तकको अभावले दैनिक पठनपाठन गर्ने तथा परीक्षाको पूर्व तयारी गर्ने क्रममा विद्यार्थीहरुलाई धेरै समस्या रहेको पाइयो । मा.वि. तहमा पढाइ हुने विषयहरु मध्ये श्री सरस्वती उ.मा.वि. इटहरामा शिक्षा, अर्थशास्त्र जस्ता विषयहरुको पाठ्यपुस्तकको अभाव रहेको पाइयो भने दुर्गा मा. वि. दाम्राभिट्टामा शिक्षा विषयको पाठ्यपुस्तक मात्र अभाव रहेको पाइयो । जनता मा.वि. ठकठकियामा शिक्षा विषय र सामाजिक विषयहरुको पाठ्यपुस्तकको अभाव रहेको पाइयो । नयाँ पाठ्यपुस्तकको अभावमा कतिपय विद्यार्थीले पुराना पाठ्यपुस्तकहरु बाट समेत अध्ययन गर्ने गरेको पाइयो ।

**तालिका नं. १ मा. वि. तहमा पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थी संख्या**

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | नयाँ पुस्तक प्रयोग | पुराना पुस्तक प्रयोग | पाठ्यपुस्तक नभएका |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | १८५ | १६५ | १५ | ५ |
| २ | श्री दुर्गा मा.वि. | १२३ | ११० | ७ | ६ |
| ३ | श्री जनता मा.वि. | ९४ | ८६ | ६ | २ |

स्रोत : स्थलगत सर्वेक्षण

पाठ्यपुस्तक प्रयोगको अवस्था हेर्दा श्री सरस्वती उ.मा.वि.का १८५ जना विद्यार्थी मध्ये १६५जनाले नयाँ पुस्तक, १५ जनाले पुराना पुस्तक प्रयोग गरेको पाइयो र ५ जनासँग पाठ्यपुस्तक नभएको पाइयो । त्यसैगरी श्री दुर्गा मा.वि.का १२३ जना विद्यार्थी मध्ये

११०जनाले नयाँ पुस्तक, ७ जनाले पुराना पुस्तक  प्रयोग गरेको पाइयो र ६ जनासँग पाठ्यपुस्तक नभएको पाइयो । यसरीनै श्री जनता मा.वि.का ९४ जना विद्यार्थी मध्ये ८६ जनाले नयाँ पुस्तक, ६ जनाले पुराना पुस्तक  प्रयोग गरेको पाइयो र २ जनासँग पाठ्यपुस्तक नभएको पाइयो ।

### ४.२.२ शिक्षकको व्यवस्था

शिक्षण एउटा व्यावसायीक पेशा हो यो एक प्राविधिक कार्य पनि हो यो पेशाको वाहक शिक्षक हो । प्राविधिक कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै प्रकारको विशेष सीप र क्षमताको आवश्यकता पर्दछ । माध्यमिक तहको ऐच्छिक विषयगत ज्ञान सीप र दक्षता नभई हुँदैन विभिनन उमेर, रुचि, र क्षमता भएका विद्यार्थीहरुलाई शिक्षा विषयका विषय वस्तुतहरु सामाजिक जीवन जीउनका लागि उपलब्धिमूलक हुने भएकाले यो विषय शिक्षक गर्नका लागि के कस्ता उद्देश्य छनौट गर्ने कस्ता सामाग्रीको प्रयोग गर्ने कुन शिक्षण विधि अपनाउने कसरी मूल्याङ्कन गर्ने जस्ता क्रियाकलापको निर्क्यौल गर्नुपर्ने हुन्छ अनिमात्र शिक्षणमा प्रभावकारीता आइ अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । यसका लागि उपयुक्त योग्यता र तालिमको आवश्यकता पर्दछ । नमूना छनौटमा परेका तीन वटा विद्यालयका ऐच्छिक  शिक्षा विषय शिक्षण गर्न शिक्षकहरुको योग्यता  तालिम र शिक्षण अनुभव निम्नानुसारको पाइयो ।

**तालिका नं. २ विषय शिक्षकको शैक्षिक योग्यता, तालिम र अनुभव**

| क्र. सं. | विद्यालयको नाम | विषय शिक्षकको नाम | शैक्षिक योग्यता | तालिम | अनुभव |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | गोविन्द ब. पौडेल | वि.ए./वि.एड. | १ वर्षे वि.एड. | २३ वर्ष |
| २ | श्री दुर्गा मा.वि. | ध्रुव सिलवाल | वि.ए., वि.एड. | १ वर्षे वि.एड. | २१ वर्ष |
| ३ | श्री जनता मा.वि. | लक्ष्मी घिमिरे | आ.एड. | शिक्षा | २९वर्ष |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

माथिको तालिकामा उल्लेख गरे अनुसार श्री सरस्वती उ.मा.वि., श्री दुर्गा मा.वि. र श्री जनता मा.वि.का तीन वटा विद्यालयका शिक्षा विषय शिक्षण गर्ने ३ जना शिक्षकहरु मध्ये २ जना तालिम प्राप्त जसमा १ जना B.A. पास र १० महिने तालिम लिएका, १ जना वि.एड., बि.ए. पास र १ जनाको शैक्षिक योग्यता आइ.एड. मात्र भएको पाइयो  ।

सरस्वती उ.मा.वि.का तालिम प्राप्त विगत २३ वर्षको अनुभव भएका शिक्षकले विद्यार्थीको उमेर रुचि र क्षमतालाई आधार मानेर शिक्षण गर्दा पाठ्यक्रमको उद्देश्य तथा सिकाइ उपलब्धि राम्रो हुने कुरामा दावी गर्न भयो ।

त्यसै गरी दुर्गा मा. वि. मा विगत २१ वर्ष देखि शिक्षा विषय अध्यापन गराउदै आउनु भएका शिक्षकले पाठ्यक्रम पाठ्यपुस्तकको जानकारी शिक्षक निर्देशिकाको प्रयोग एवम् विद्यार्थीको रुचिलाई ध्यान दिदै शिक्षण गर्दा प्रभावकारी सिकाइ उपलब्धि हुने कुरा वताउनु भयो ।

त्यसैगरी जनता मा.वि.मा विगत २९ वर्ष देखि शिक्षा विषय अध्यापन गराउदै आउनु भएका शिक्षकले आफूसँग लामो अनुभव नभएता पनि पाठ्यक्रम पाठ्यपुस्तकको तयारी परीवर्तित तथा समसामयीक विषयवस्तु दिनमा प्रविधिको प्रयोग गरी शिक्षण गर्दा सिकाइ उपलब्धी राम्रो हुने कुरा बताउनु भयो ।

### ४.२.३ पाठ्यक्रम कार्यान्वयनको अवस्था

पाठ्यक्रमको कार्यान्वयन सवैभन्दा महत्वपूर्ण पक्ष हो । पाठ्यक्रमको उद्देश्य अनुसार शिक्षण सिकाइ गरी विद्यार्थीहरुको व्यवहारमा चाहिने अनुसारको परिवर्तन ल्याउन पाठ्यक्रमको भावना र मर्म अनुसार विभिन्न प्रकारका शैक्षिक योजनाहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्नु पर्दछ । योजनाले शिक्षणलाई सही मार्ग दर्शन गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । नमूना छनौटमा परेका तीन वटै विद्यालयहरुमा निम्न अनुसारका योजनाहरु बनाइएको पाइयो ।

क) दैनिक समय तालिका

ख) वार्षिक शैक्षिक योजना

ग) वार्षिक कार्ययोजना

घ) दैनिक पाठयोजना

अध्ययनका क्रममा र प्रत्यक्ष अवलोकन र विषय शिक्षकसँगको अन्तरवार्ताबाट पनि विद्यालयमा दैनिक समय तालिका, वार्षिक शैक्षिक योजना, वार्षिक कार्ययोजना, दैनिक पाठयोजना योजनाहरु बनाउने गरेको पाइयो ती योजनाहरुले आफ्नो अध्यापन कार्यलाई महत्वपूर्ण सहयोग गरेको कुरा समेत बताउनु भयो ।

तीन वटै विद्यालयका योजनाहरुको अध्ययन गर्दा वार्षिक शैक्षिक योजना एकै प्रकारको पाइएता पनि वार्षिक कार्ययोजना र दैनिक समय तालिकामा समयको केही फरक रहेको पाइयो ।

यस अध्ययनको नमूना छनौटमा परेका तीन वटै विद्यालयको अवलोकन गर्दा शिक्षकहरुले दैनिक समयतालिका अनुसार अध्यापन गराइ राखेको पाइयो । सवै शिक्षकहरुले दैनिक पाठयोजना नबनाए पनि सामान्य तयारीका साथ पठाउने र पाठको लागि आवश्यक सामान्य सामाग्री जुटाउन मात्र ध्यान दिने गरेको पाइयो ।

### ४.२.४ शिक्षक निर्देशिका प्रयोगको अवस्था

शिक्षक निर्देशिका एक प्रकारको शिक्षक मित्र हो । शिक्षक निर्देशिकाले परम्परागत पाठ्यक्रम अनुसार शिक्षण गर्दै आएका शिक्षकहरुलाई नयाँ पाठ्यपुस्तकलाई कसरी प्रयोगमा ल्याउने भन्ने बारेमा स्पष्ट निर्देशन गरेको हुन्छ । शिक्षक निर्देशिकामा एक शैक्षिक सामग्री अध्यापन गराइने विषयवस्तु, उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षणविधि, मूल्याङ्कन, नमूना प्रश्न, आवश्यक घण्टी आदि दिइएको हुन्छ ।

यस अध्ययनको नमूना छनौटमा रहेका तीन वटै विद्यालयहरुमा शिक्षा विषयको शिक्षक निर्देशिका पाइएन । शिक्षकले निर्देशिका विना नै शिक्षण गर्ने गरेको पाइयो । शिक्षक निर्देशिकाको प्रयोग गर्न हुन्छ भन्ने प्रश्नमा शिक्षक निर्देशिका उपलब्ध हुन नसकेको कुरा शिक्षकहरुले बताउनु भयो । शिक्षक निर्देशिका खरिद गर्न समेत नपाइएको गुनासो समेत उहाँहरुले गर्नु भयो । विद्यालयहरुले समेत शिक्षा विषयको शिक्षक निर्देशिका उपलब्ध नगराएको हुँदा तीन वटै विद्यालयमा शिक्षा विषय अध्यापन गराउने शिक्षकहरुले शिक्षक निर्देशिका विना नै अध्यापन गराइरहेको अवस्था पाइयो

### ४.२.५ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

बालवालिकाहरुमा विभिन्न सीप तथा धारणाहरुको विकास गर्न एवम् उनीहरुको सिकाइ अनुभव र सोचाइ क्षेत्रको अभिवृत्ति विकास गर्न शिक्षणमा विभिन्न शैक्षिक सामग्रीको प्रयोग आवश्यक हुन्छ सिकाइलाई दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सिकाइलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकाले

शिक्षकले कक्षामा अनुकुल वातावरण सिर्जना गरी अध्यापन कार्य सफल बनाउन शैक्षिक सामग्रीको उपयोग गर्न जरुरी हुन्छ । विषय पाठअनुसार शैक्षिक सामग्रीको छनौट निर्माण र प्रयोग गर्न सक्नु नै प्रभावकारी शिक्षणको लक्षण हो ।

माध्यमिक तहको ऐच्छिक शिक्षा विषयको शिक्षणलाई सान्दर्भिक र प्रभावकारी बनाउन चकपाटी फलाटिन पाटी, पर्चा प्रदर्शन पाटी तालिका, ग्राफ नमूना, शिक्षा विषयसँग सम्बन्धित पुस्तकहरु, शिक्षासँग सम्बन्धित प्रतिवेदनहरु, स्वअध्ययन सामग्रीहरु आदिको आवश्यकता पर्ने देखिन्छ । यस अध्ययनमा नमूना छनौटा परेका विद्यालयहरुमा अवलोकन र शिक्षक तथा प्र.अ.सँग अन्तरवार्ता लिदा कतिपय सामग्रीहरु शिक्षक आफैले तयार गर्ने गरेको, संकलन गर्ने गरेको, केही सामग्री विद्यालयले खरिद गरी उपलब्ध गराएको र केही सामग्री विद्यार्थीले तयार गर्ने गरेको र विभिन्न संघ संस्थाले समेत विभिन्न पोष्टर तथा अन्य सामग्रीहरु उपलब्ध गराउने गरेको पाइयो ।

अध्ययनको क्रममा तीनवटै विद्यालयमा हेर्दा शिक्षण सामाग्रीको उपलब्धता भए पनि त्यसको प्रभावकारी प्रयोग भएको पाइएन । तीन वटा विद्यालय श्री सरस्वती उ.मा.वि. मा फलाटिन पाटी, तालिका चकपाटी, (हवाइटबोर्ड र मार्कर) को प्रयोग गरे विषय शिक्षले शिक्षण गरेको पाइयो भने श्री दुर्गा मा.वि.मा विशेष चकपाटी, ह्वाइटबोर्ड र मार्ककरको) मात्र प्रयोग गरे शिक्षण गरेको पाइयो । त्यसैगरी श्री जनता मा.वि.मा पनि चकपाटीको मात्र प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगको अवस्थाको वारेमा सौठा स्रोतकेन्द्रका स्रोत व्यक्ति तथा वि.नी. सँगको छलफलमा पनि विद्यालयमा शिक्षकहरुले सन्तोषजनक रुपमा शैक्षिक सामग्रीको प्रयोग नगरेको अवस्था रहेको कुरा बताउनु भयो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पनि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरु कुनै पनि कुरा सुनेर भन्दा हेरेर चाडो सिक्न सक्दछन् त्यस्तो सिकाइ दिगो प्भावकारी तथा चीरस्थाइ हुने कुरा श्रोत व्यक्ति र विनीले बताउनु भयो ।

शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा विद्यार्थीलाई विषयवस्तु प्रतिको धारणा वसाल्न र उक्त विषय वस्तुलाई प्रयोग गर्न सजिलो पर्दछ । शिक्षकले कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्दा उपयुक्त सामग्री उपयुक्त समयमा उपयुक्त पाठ्यवस्तुसँग मेलखाने गरी उपयुक्त समयमा प्रयोग गर्दा मात्र शिक्षण प्रभावकारी हुन्छ ।

### ४.२.६ शिक्षण विधिको प्रयोगको अवस्था

विषय वस्तुले निर्दिष्ट गरेको उद्देश्यहरु प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बीच अन्तरक्रिया सञ्चालन गर्दै सिकारुको व्यवहारमा परिवर्तन ल्याउन सघाउने प्रक्रिया नै शिक्षण विधि हो । शिक्षण विधिद्वारा नै विद्यार्थीहरुमा ज्ञान, सीप र धारणाको हस्तान्तरण गरिन्छ । शिक्षण विधि, शिक्षण गर्ने कला, सिकाइ र सिद्धान्त र तरिका र सिकाइ सञ्चालन गर्ने एक प्रक्रिया हो ।

कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनता, विषय वस्तुको प्रकृति र स्वरुप विद्यार्थीको ज्ञान, रुचि र क्षमता, स्भाव, स्तर तथा उमेर एवम् भौतिक सुविधा र शिक्षण सामाग्रीका आधारमा शिक्षण विधिको चयन गर्नु पर्दछ । माध्यमिक तहको ऐच्छिक शिक्षा विषयको अध्यापन गर्दा प्रवचन, प्रवचन, प्रश्नोत्तर, छलफल, परियोजना, समस्या समाधान, निदेशित खोज, क्षेत्र भ्रमण, प्रयोगात्मक कार्य आदि विधिहरुको प्रयोग गर्नु पर्दछ । माध्यमिक तहको ऐच्छिक शिक्षा विषयको परीक्षा ७५% सैद्धान्तिक र २५% प्रयोगात्मक कार्यको अभ्यासबाट विद्यार्थीमा अर्थपूर्ण सिकाइ हुन्छ यसका लागि विद्यालयले उचित र पर्याप्त समयको व्यवस्था मिलाइ दिनु पर्दछ भने विषय शिक्षकले पनि झन्झटिलो नमानी समयको सही सदुपयोग गर्नु पर्दछ ।

यस अध्ययनको क्रममा तीवटै विद्यालयका प्र.अ.सँगको अन्तरवार्ताको क्रममा शिक्षा विषयको लागि हालमा पाँच पिरियड छुट्याइएको पाइयो त्यसै समयमा नै प्रयोगात्मक कार्य समेत गर्न सकिने हुँदा प्रयोगात्मक कार्यका लागि पनि पर्याप्त समय भएको बताउनु भयो भने शिक्षा विषय पढाउने शिक्षकले एउटै पिरियड भित्र सैद्धान्तिक र प्रयोगात्मक दुवै विषयको शिक्षण गर्नुपर्ने हुँदा प्रयोगात्मक कार्यका लागि समय नपुगेको भनि बताउनु भयो ।

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी रुपमा विषयवस्तुलाई विद्यार्थी सामु पुऱ्याउने आवश्यक तथा महत्वपूर्ण साधन मानिन्छ । यस अध्ययनको क्रममा श्री सरस्वती उ.मा.वि.मा शिक्षा विषय अध्यापन गराउनु हुने शिक्षकको कक्षा अवलोकनको क्रममा बढि मात्रामा प्रवचन विधि र प्रदर्शन विधिको प्रयोग गर्नु भएको र यस विषयको २५% प्रयोगात्मक परीक्षालाई वर्षमा १ पटक बार्षिक परीक्षामा मात्र लिने गरेको पाइयो । शिक्षण सिकाइ प्रक्रियामा समय समयमा विद्यार्थीसँग सामान्य छलफल गराउनु भएको अवस्था पाइयो । विद्यालयका प्र.अ.ले सामान्य निरीक्षण गर्ने गरेको पाइयो ।

त्यसैगरी श्री दुर्गा मा.वि.मा शिक्षा विषय अध्यापन गराउनु हुने शिक्षकले पनि प्रवचन, छलफल र प्रदर्शन विधिको प्रयोग गर्ने गरेको पाइयो । प्रयोगात्मक परीक्षालाई आवश्यक समय मिलाइ वर्षमा एक पटक मात्रै सञ्चालन गर्ने गरेको पाइयो ।

त्यसैगरी श्री जनाता मा.वि. मा शिक्षा विषय अध्यापन गराउनु हुने शिक्षकले वढि मात्रामा प्रवचन विधिको प्रयोग गर्ने गरेको पाइयो । कहिले काही प्रदर्शनको रुपमा तालिका प्रस्तुत गर्ने गरेको पाइयो । यस विषयको २५% प्रयोगात्मक परीक्षालाई पनि वर्षमा एक पटक औपचारिकताको लागि मात्र गर्ने गरेको विशिष्टिकरण तालिका बमोजिम प्रयोगात्मक परीक्षा सञ्चालन गरेको पाइएन ।

समग्रमा शिक्षण विधिका सन्दर्भमा छनौटमा परेका विद्यालयहरुमा धेरै जसो प्रवचन विधि छलफल विधि र प्रदर्शन विधिहरुको प्रयोग गर्ने गरेको पाइयो । पाठ्यक्रम कार्यान्वयनमा विशेष निरीक्षणको अभाव रहेको, प्रयोगात्मक परीक्षालाई उपलब्धी मूलक बनाउन नसकेको प्रयोगात्मक परीक्षालाई औपचारिकता मात्रा पुरा गराउन मात्र पाइयो ।

### ४.२.७ शिक्षक तथा विद्यार्थी क्रियाकलापहरु

पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा सम्बन्धित विषय शिक्षकहरु र विद्यार्थीका क्रियाकलापहरुको अहम भूमिका रहेको हुन्छ । जहाँ लिखित रुपमा प्रस्तुत गरिएको विषय वस्तुलाई व्यवहारिक रुपमा प्रयोग गरी उक्त विषय वस्तुको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ । सिकाइमा शिक्षक तथा विद्यार्थीका क्रियाकलापहरुको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षकले के कस्ता क्रियाकलाप गराउने ? विद्यार्थीले के के गर्ने? कसरी विषय वस्तुलाई प्रष्ट बनाउने ? भन्ने सम्वन्धमा विविध क्रियाकलाप गर्नु गराउनु आवश्यक हुन्छ ।

#### क) शिक्षक क्रियाकलाप

विद्यालयमा शिक्षक एउटा नमूना व्यक्तिको रुपमा उपस्थित हुनुले विद्यार्थीहरु शिक्षक प्रति आकर्षित र शिक्षकका बानी व्यवहारहरु नक्कल गर्ने गर्दछन् । त्यस कारण शिक्षकले शिक्षकमा हुनुपर्ने गुणहरुको विशेष ध्यान दिदै विद्यालयमा उपस्थित हुनुपर्दछ । त्रासबाट शिक्षकको आफ्नो व्यक्तित्व समेत वृद्धि हुन गइ कक्षा शिक्षणमा विद्यार्थीहरु अनुशासित रही त्यही अनुसारको व्यवहार अनुसरण गर्ने गर्दछन् । यस बाट शिक्षकहरुमा गौरवान्वित महशुस भइरहन्छ ।

यस अध्ययनको नमूना छनौटमा परेका तीनवटै विद्यालयमा कक्षा अवलोकन गर्दा २ वटा विद्यालय वा कक्षा व्यवस्थापनमा ध्यान दिइएको पाइयो भने १ वटा विद्यालयमा कक्षा व्यवस्थापनमा खासै ध्यान दिइएको पाइएन । विद्यार्थीहरुलाई पाठप्रति रुचि जागरण गराउन विद्यार्थीका पूर्व अनुभवसँग सम्बन्द्ध तथा पूर्व पाठको स्मरण गराउदै पाठमा प्रवेश गरेको पाइयो । अध्ययनको क्रममा सवै शिक्षकहरुले पाठ्यपुस्तकलाई मुख्य आधारमानी त्यसमा भएका विषयवस्तुलाई प्रवचन विधिद्वारा शिक्षण गरेको पाइयो । १ जना शिक्षकले दैनिक पाठयोजना समेत बनाइ आफूमा भएको ज्ञान पाठ्यपुस्तकको पाठसँग सम्वन्धित गरी शिक्षण गरेको पाइयो । दुइ जना शिक्षकले दैनिक पाठयोजना विना नै शिक्षण गरेको विद्यार्थीको स्तर रुचि, विषय वस्तुको क्रमवद्धता र उपयुक्ततामा त्यति ध्यान दिइएको पाइएन । कक्षामा सवै विद्यार्थीको रुचि उत्तिकै भएको पाइएन । प्रवचन विधिबाट शिक्षण गरिरहेको अवस्थामा विद्यार्थी निस्क्रिय देखिए भने केही विद्यार्थीहरु एक आपसमा गफ गर्दै गरेको, इशारा गरिरहेको पाइयो ।

नमुना छनौटमा परेका तीनवटै विद्यालयहरु श्री सरस्वती उ.मा.वि.को हकमा विषयशिक्षकले विद्यार्थीलाई बढि सक्रिय गराएको छलफल विधिमा सहभागिता गराएको अवस्था पाइयो भने श्री दुर्गा मा.वि.को हकमा विषय शिक्षकले बढि मात्रामा आयूलाई सक्रिय  बनाएको, प्रवचन विधिलाई महत्व दिदै केही उदाहरणहरु प्रस्तुत गर्दै शिक्षण गरेको पाइयो । त्यसै गरी जनता मा.वि.को हकमा विषय शिक्षकले पूर्व पाठको स्मरण गराउदै प्रवचन तथा छलफल विधिबाट शिक्षण गरेको पाइयो । विद्यार्थीलाई प्रोत्साहन र पृष्ठपोषण भने दिएको पाइएन । यसरी कक्षा शिक्षणमा बढि मात्रामा प्रवचन विधि प्रयोगका कारण शिक्षणका क्रियाकलापहरुलाई पूर्ण सन्तोषजनक मान्न सकिने अवस्था पाइएन । पाठको प्रवृत्ति हेरी पाठ्यक्रम तथा शिक्षक निर्देशिकाले निर्देशिका गरे वमोजिमको शिक्षण क्रियाकलापलाई बढि ध्यानदिनुपर्ने देखिन्छ ।

**ख) विद्यार्थी क्रियाकलाप**

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता ज्यादै महत्वपूर्ण रहन्छ । शिक्षण विद्यार्थी केन्द्रित हुनुपर्दछ अनि मात्र विद्यार्थीले सिकेको ज्ञान सीप र अभिवृतिलाई आफ्नो जीवनमा प्रयोगमा ल्याउन सक्दछन् । विद्यार्थी सहभागिताले शिक्षकलाई शिक्षण गर्न, विषयवस्तुलाई प्रष्ट पार्न तथा प्रयोगमा आइपरेका समस्या समाधान गर्न सजिलो पार्दछ ।

विद्यार्थीहरुको दैनिक उपस्थितिलाई हेर्दा श्री सरस्वती उ.मा.वि.को मा.वि. तहका १८५ जना विद्यार्थी मध्ये १५७ जना ८४% उपस्थित रहेका, श्री दुर्गा मा.वि.को मा.वि. तहका १२३ जना विद्यार्थी मध्ये ११४ जना ९३% उपस्थित रहेका र श्री जनता मा.वि.का ९४ जना विद्यार्थी मध्ये ६७ जना ७१% उपस्थिती रहेका पाइयो स्थलगत सर्वक्षण अनुसार तुलनात्मक रुपमा श्री दुर्गा मा.वि को मा.वि. तहका विद्यार्थीको उपस्थित सवै भन्दा राम्रो पाइयो ।

अध्ययनको क्रममा माध्यमिक तहको ऐच्छिक शिक्षा विषयका सम्बन्धमा सम्बन्धित विषय शिक्षकको सहयोग लिइ छलफल सञ्चालन गरिएको थियो जहाँ कक्षा ९ वाट २ जना र कक्षा १० वाट ३ जना गरी एउटा विद्यालयका ५ जना जम्मा तीन वटा विद्यालयका गरी १५ जना विद्यार्थीसँग अन्तर क्रिया गरिएको थियो । उक्त छलफलमा गरिएका प्रश्नहरुमा विद्यार्थीहरुको ध्यानाकर्षण गरिएको थियो । सहभागि १५ जना मध्ये ९ जनालाई ऐच्छिक शिक्षा विषय रुचि भएको कारणले पढेको भन्ने पाइयो भने ६ जनाले विद्यालयमा ऐचिछक द्वितीय विषयमा शिक्षा विषय मात्र पढाइ हुने गरेकोले वाध्यतावश पढ्नु परेको वताए । पाठ्यपुस्तकका कमजोरीका वारेमा प्रश्नगर्दा चित्रहरु नभएको भनि केही विद्यार्थीले गुनासो गरे केही विद्यार्थीहरुले गुनासो गरे केही विद्यार्थीहरुले अरु विषय जस्तै यी विषय पनि ठिकै छ भन्ने जवाफ पाइयो । शैक्षिक सामाग्री खासै प्रयोग गर्ने गरेको पाइएन शिक्षकले प्रथम त्रैमासिक द्वितीय त्रैमासिक र वार्षिक परीक्षा लिने गरेको भन्ने विद्यार्थीबाट जवाफ पाइयो । प्रयोगात्मक परीक्षाको सन्दर्भमा छलफल गर्दा वर्षमा एक पटक एक-दुई वटा क्रियाकलाप गराएर प्रयोगात्मक परीक्षा गर्ने गरेको भन्ने उत्तर पाइयो । शिक्षा विषयको अध्ययनका सम्बन्धमा छलफल गर्दा धेरै विद्यार्थीहरुले घोकेर पढ्ने गरेको वताए भने थोरै मात्र विद्याले बुझ्ने, पढ्ने र लेख्ने गरेको वताए । समग्रमा तीन वटै विद्यालयमा विद्यार्थी क्रियाकलाप राम्रो रहेको पाइएता पनि विषय शिक्षकले विद्यार्थी क्रियाकलापलाई थप व्यवस्थित गर्नु पर्ने अवस्था रहेको पाइयो ।

### ४.२.८ विद्यार्थी मूल्याङ्कनको अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा पाठको उद्देश्य कति प्रभावकारी रुपले प्रस्तुत गरिएको छ । पाठबाट विद्याथीले के कति ज्ञान सीप लिन सके पाठ्यक्रमले राखेका उद्देश्य पूरा भए वा भएनन् विद्यार्थीमा अपेक्षित अवधारणा वा रुचि जगाउन सके वा सकेनन्

विद्यार्थीको व्यवहारमा परिवर्तन आयो वा आएन शिक्षण सिकाइ क्रियाकलाप सफल भयो वा भएन भन्ने करालाई प्रष्ट पार्न कक्षा कोठामा विद्यार्थी मूल्याङ्कन गर्न आवश्यक हुन्छ ।

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निरन्तर रुपमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई आवश्यकता अनुसार अवलम्वन गर्नुपर्ने हुन्छ निर्माणात्मक मूल्याङ्कनले कक्षा सञ्चालन भइरहेको वेला देखिएका कमजोरी पत्ता लगाई ती कमजोरी हटाउने उपाय समेत देखाइ शिक्षण सिकाइमा सुधार ल्याउदछ भने निर्णयात्मक मूल्याङ्कनले निश्चित कार्यक्रम वा पाठ्यांशको अन्त्यमा शैक्षिक उद्देश्य वमोजिम विद्यार्थीले उपलब्धि प्राप्त गर्न सक्यो वा सकेन भन्ने कुराको परीक्षण गरी उनीहरुको स्तर निर्धारण गर्दछ । प्रत्येक पाठको शिक्षण पश्चात निर्धारित शैक्षणिक उद्देश्य तथा सञ्चालित शिक्षण सिकाइ क्रियाकलापका अवस्थामा कक्षाको वातावरण अनुसार प्रश्न सोधिनुका साथै विद्यार्थीको मनोविज्ञान र कार्यसम्पादनको आधारमा समेत मूल्याङ्कन गरिनु पर्दछ यसरी गरिएको मूल्याङकन नतिजाको आधारमा शिक्षण सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गर्न निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नु पर्दछ ।

नमूना छनौटमा परेका ती वटै विद्यालयहरुमा मूल्याङ्कनको अवस्था हेर्दा शिक्षकले गृहकार्य दिने गरेको, गृहकार्यको परीक्षण गर्ने गरेको पाइयो तर पाठको अन्त्यमा दुईवटा विद्यालयका शिक्षकले मात्र मौखिक प्रश्न सोधी मूल्याङ्कन गरेको पाइयो भने एक वटा विद्यालयका शिक्षकले निर्धारित पाठ प्रवचन विधिबाट अध्यापन गराइएको तर निर्माणात्मक मूल्याङ्कन नगरेको पाइयो तीन वटै विद्यालयमा वर्षमा तीन पटक परीक्षा लिने गरेको पाइयो । प्रथम त्रैमासिक परीक्षा १०% दोस्रो त्रैमासिक परीक्षा ४०% र वार्षिक परीक्षा ६०% का आधारमा मूल्याङ्कन गर्ने गरेको पाइयो । निर्माणात्मक मूल्याङ्कनका रुपमा गृहकार्य कक्षा कार्य सामान्य प्रयोगात्मक कार्यहरु गर्ने गरेको पाइयो ।

मूल्याङ्कनका सन्दर्भमा नमूना छनोटमा परेका विद्यालय मध्ये श्री सरस्वती उ.मा.वि.मा शिक्षा विषयको मूल्याङ्कनमा प्रथम त्रैमासिक द्वितीय त्रैमासिक तथा बार्षिक परीक्षा लिने गरेको कक्षा कार्य र गृहकार्य दिने गरेको शिक्षक सर्गको अन्तरवार्ता र विद्यार्थीसँगको छलफलबाट थाहा पाइयो । त्यसै गरी श्री दुर्गा मा.वि.का सम्वन्धित विषय शिक्षकका अनुसार प्रथम त्रैमासिक द्वितीय त्रैमासिक र वार्षिक परीक्षा भाग लिइ विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो त्यस गरी श्री जनता मा.वि.का विषय शिक्षकको अन्तरवार्ता

र विद्यार्थीको छलफलबाट शिक्षा विषयको मूल्याङ्कनमा प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक परीक्षा र वार्षिक परीक्षा लिइ विद्यार्थी मूल्याङ्कन गर्ने गरेको एकाइको अन्त्यमा एकाइ परीक्षा लिने मूल्याङ्कन गर्ने गरेको पाइयो ।

माध्यमिक तहको ऐच्छिक शिक्षा विषयमा ७५% को सैद्धान्तिक र २५% प्रतिशतको प्रयोगात्मक परीक्षाद्वारा विद्यार्थीको मूल्याङ्कन गरी उत्तीर्ण र अनुर्तिण गर्ने गर्ने गरिएको तीन वटै विद्यालयका विषयगत शिक्षकले वताए पनि समग्रमा सैद्धान्तिक परीक्षालाई मात्र जोड दिई प्रयोगात्मक परीक्षा भने औपचारिकता पूरा गर्न मात्र लिए जस्तो देखियो । आन्तरिक मूल्याङ्कन गर्ने क्रममा प्रथम त्रैमासिक द्वितीय त्रैमासिक र वार्षिक परीक्षा सवै विद्यालयले लिने गरे पनि भासिक परीक्षा र एकाइ परीक्षामा भने खासै महत्व दिएको पाइएन । त्यसै गरी अन्य अतिरिक्त क्रियाकलापहरुमा सहभागिता पनि कमजोर नै देखियो ।

## ४.३ पाठ्यक्रम कार्यान्वयनमा देखिएमा समस्याहरु

शिक्षण क्रियाकलाप प्रत्यक्ष रुपमा विद्यार्थीसँग सम्बन्धित हुन्छ । विद्यार्थीहरुको इच्छा र चाहना बुझेर सोही अनुसारको शिक्षण प्रक्रिया अपनाउनु उसले शिक्षकको गुण हो शिक्षण प्रक्रिया अपनाउँदा सहयोगी साधनको रुपमा जे जस्ता क्रियाकलापहरु र सामग्रीहरुको प्रयोग गरिन्छ तिनीहरुले विद्यार्थीलाई असजिलो महसूस हुनुहुदैन । जति सक्दो विद्यार्थी परिचित सामग्रीको प्रयोग गरी उनीहरु स्वतस्फुर्त सहभागि गराउँदा शिक्षण वढि प्रभावकारी बन्ने गर्दछ । विद्यार्थीहरुले शिक्षा विषय शिक्षणको लागि कस्तो वातावरण कक्षाकोठा, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप शिक्षण विधि रुचाउछन भन्ने जानकारी लिइ सोही अनुसार शिक्षण गर्दा उनीहरुलाई उत्प्रेरणा जगाउन मद्दत पुग्दछ । त्यस कारणले उत्प्रेरणायुक्त वातावरणमा राखेर विषयवस्तु शिक्षण गर्दा बढी प्रभावकारी हुने हुँदा उनीहरुको के कस्तो धारणा छ थाहा पाउन जरुरी हुन्छ । अध्ययनको क्रममा प्र.अ.सँगको अन्तरवार्ता शिक्षकका लागि गरिएको प्रश्नावली, विद्यार्थीसँगको छलफल र प्रत्यक्ष अवलोकनबाट माध्यमिका तहको ऐच्छिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा निम्नानुसारका समस्याहरु रहेको पाइयो ।

क) पाठ्यक्रम सम्बन्धि समस्या

सयममा पाठ्यक्रमको उपलब्धता नहुनु, पाठ्यक्रम र पाठ्यपुस्तक बीचमा तालमेल गरेर अध्ययनपन गराउन नसक्नु, समयमा नै निर्धारित पाठ्यक्रमको अध्यापन गराइ नसक्नु, शिक्षकले आफ्नो अनुकुल कुनै पाठ छिटो गरी अध्यापन गराउनु र कुनै पाठ ढिलो गरी अध्यापन गराउनु आदि समस्या देखिए ।

ख) शैक्षिक सामग्री सम्बन्धि समस्या

पाठ्यक्रम कार्यान्वयनको लागि आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था नहुनु, पाठ्य सामाग्रीको उपलब्धता र प्रयोगको अवस्था प्रयाप्त नहुनु, कक्षा शिक्षणमा आवश्यक सामाग्रीको निर्माण, संकलन र प्रयोगमा आएका समस्या समाधानमा ध्यान नदिनु आदि समस्या देखिए ।

ग) शिक्षण विधि सम्बन्धि समस्या

पाठ्यक्रम कार्यान्वयनमा बढि मात्रामा प्रवचन विधिको प्रयोग गर्नु, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्न नसक्नु, सवै विद्यार्थीलाई एकै स्तरको मानी शिक्षण गर्नु आदि समस्याहरु देखिए ।

घ) शिक्षक सम्बन्धि समस्या

सबै तालिम प्राप्त शिक्षक नहुनु, विषयवस्तुको पूर्व तयारी नगर्नु, योजना अनुसार शिक्षण कार्यमा ध्यान नदिनु, शिक्षकमा शिक्षण प्रति रुचि घट्नु, पेशागत दक्षताको अभाव हुनु, समयमा निर्धारित पाठ्यक्रम पूरा गर्न नसक्नु, विद्यार्थीलाई कक्षा शिक्षणमा नियन्त्रण गर्न नसक्नु आदि समस्या देखिए ।

ङ) विद्यार्थी सम्बन्धी समस्या

विद्यार्थीमा अनुसाशनको कमी रहनु, विद्यार्थी आफैमा पनि मिहिनेत गर्ने बानी नहुनु, सिक्ने रुचिको कमी रहनु, सुन्ने मात्र बानी हुनु, आफ्नो प्रतिक्रिया दिन नसक्नु, नजानेका विषयवस्तु शिक्षकलाई सोध्न नसक्नु आदि समस्या देखिए ।

च) अनुगमन तथा निरीक्षण सम्बन्धी समस्या

विद्यालयमा निरन्तर अनुगमन र निरीक्षणको अभाव रहेको पाइयो । विद्यालयका प्र.अ., सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति, सम्बन्धित विद्यालय निरीक्षक तथा व्यवस्थापन समितिले पनि प्रभावकारी निरीक्षण नगरेको देखियो ।

छ) व्यवस्थापन सम्बन्धी समस्या

विद्यालयको आर्थिक अभावका कारणले गर्दा विद्यालयमा उचित कक्षाकोठा फर्निचर, खेलमैदान, खानेपानी तथा शौचालयको समेत समस्या देखियो ।

## ४.४ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु

माध्यमिक तहको ऐच्छिक द्वितीय विषयको पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्या आइपर्दछन् । शिक्षा विषयमा विभिन्न प्रकारका विषयवस्तुहरु समावेश गरी पाठ्यक्रम तयार पारिएको छ । यस विषयको पाठ्यक्रम व्यावसायिक प्रकृतिको भएकाले सैद्धान्तिक पक्षका अतिरिक्त प्रयोगात्मक पक्षलाई समेत यथोचित ध्यान दिई विशिष्टिकृत गरिएको हुँदा यसको कार्यान्वयनको निम्ति दक्ष जनशक्ति उचित शैक्षिक सामग्री, प्रभावकारी शिक्षण विधिको आवश्यकता पर्दछ । त्यस प्रकारका समस्या समाधान गरि कक्षा सञ्चालन गरेमा माध्यमिक तहको शिक्षा विषयका उद्देश्य हासिल गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सजिलो हुने देखिन्छ । त्यस्ता समस्या समाधान गर्न तीन वटै विद्यालयका शिक्षा विषय शिक्षण गर्ने शिक्षक सम्बन्धित विद्यालयका विद्यार्थी तथा विद्यालयसँग सरोकारवाला व्यक्तिहरुका निम्न अनुसारका उपायहरु अवलम्बन गर्न सकिने धारणा रहेको पाइयो ।

### क) दक्ष तथा तालिम प्राप्त शिक्षकको व्यवस्था

शिक्षा विषय अध्यापन गराउन तालिम प्राप्त, दक्ष, शिक्षकको व्यवस्था गर्नुपर्दछ । शिक्षा विषय सैद्धान्तिक र प्रयोगात्मक भएको हुँदा यसको पाठ्यक्रम कार्यान्वयन गर्न के कस्ता शैक्षिक सामाग्री प्रयोग गर्ने प्रयोगात्मक परीक्षा कसरी सञ्चालन गर्ने भनेर शिक्षकलाई पुनर्ताजगी तथा सेवाकालिन तालिमको व्यवस्था गर्न पर्ने देखिन्छ ।

### ख) भौतिक व्यवस्थापन सुधार

पाठ्यक्रम कार्यान्वयन गर्ने थलो विद्यालय भएको हुँदा विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय तथा खानेपानीको व्यवस्थापन गर्न पर्दछ ।

भौतिकव्यवस्थापनको सुधार भएमा समुदायमा जनचेतना विस्तार गरी स्थानीय स्रोत साधनहरुको अधिकतम सदुपयोग गरी पाठ्यक्रम कार्यान्वयनमा आएका समस्या समाधान गर्न सकिन्छ ।

**ग) शैक्षिक सामाग्रीको व्यवस्था**

शिक्षण सिकाइलाई प्रभावकारी एवम् उपलब्धी मूलक बनाउन सम्बन्धित विषयका लागि आवश्यक शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्नुपर्दछ । शैक्षिक सामग्रीबाट सिकाइएको ज्ञान प्रभावकारी एवम् दिगो हुने हुनाले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शैक्षिक सामग्रीको व्यवस्थाका लागि विशेष ध्यान दिनुपर्दछ ।

**घ) उचित शिक्षण विधिको प्रयोग**

पाठ्यक्रमको कार्यान्वयनका लागि उचित शिक्षण विधिको छनौट गरी नविनतम प्रविधिहरुको प्रयोग गर्नुपर्दछ । विद्यार्थीको रुचि र चाहना अनुसार शिक्षण गर्न सकेमा मात्र सफलतापूर्वक पाठ्यक्रमको कार्यान्वयन गर्न सकिन्छ ।

**ङ) शैक्षिक योजना निर्माण**

शैक्षिक योजनाहरु मार्फत नै शैक्षिक कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न सकिने र सही बाटोमा अघि बढ्न सहयोग पुऱ्याउने हुँदा पाठ्यक्रम कार्यान्वयनमा शैक्षिक योजना निर्माणको भूमिका रहेको हुन्छ ।

**च) पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि**

पाठ्यक्रम कार्यान्वयनको प्रमुख व्यक्तिको रुपमा रहेको शिक्षकलाई पाठ्यक्रम कार्यान्वयन गर्ने अवस्था बनाइराख्न सधै उत्प्रेरित गरी राख्नु पर्दछ । यसका लागि आवश्यकता अनुसार शिक्षकलाई उचित पारिश्रमिक सेवा सुविधामा वृद्धि गर्दै लानु पर्दछ ।

**छ) दण्ड तथा पुरस्कारको व्यवस्था**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ क्रियाकलापमा सहभागी भै उत्कृष्ट गर्ने विद्यार्थी तथा शिक्षकलाई पुरस्कार तथा पाठ्यक्रम कार्यान्वयनमा लापरवाही र हेलचेक्राइ गर्ने शिक्षकलाई दण्ड जरीवानाको व्यवस्था समेत गर्न पर्दछ ।

**ज) निरीक्षण, मूल्याङ्कन तथा अनुगमन**

सम्बन्धित निकायले समय समयमा विद्यालयको सम्पूर्ण शैक्षिक लगायत विभिन्न पक्षहरुमा निरीक्षण, सुपरिवेक्षण मूल्याङ्कन तथा अनुगमन गरी आवश्यक सुझाव, सल्लाह सहयोग प्रदान गर्ने हो भने पाठ्यक्रम कार्यान्वयनमा आएका समस्याहरु समाधान हुने देखिन्छ ।

यसरी शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा आएका समस्या समाधान गर्न शिक्षक विद्यार्थी प्र.अ. अभिभावक, सरोकारवाला निकाय सम्बन्धित सवैले आ-आफ्ना ठाउँबाट सहयोग पुऱ्याएमा पाठ्यक्रम कार्यान्वयनका समस्या समाधान हुने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

शिक्षा भनेको मानिसलाई पूर्ण बनाउने प्रक्रिया हो । शिक्षा जीवन चलिरहने निरन्तर प्रक्रिया भएकाले यसको क्षेत्र व्यापक छ । शिक्षाका लक्ष्यहरु पूरा गर्ने विद्यालयले गर्ने सम्पूर्ण क्रियाकलाप पाठ्यक्रममा समावेश हुनाले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको अभावमा विद्यालयले गर्न सम्पूर्ण क्रियाकलाप नियमित र सूचारु रुपले सञ्चालन हुन सक्दैनन् । पाठ्यक्रम उल्लेखित उद्देश्य हासिल गराउन उद्देश्य र विषय वस्तुको प्रकृति अनुसार विभिन्न किसिमका शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण कार्य गर्ने गरिन्छ । विद्यार्थीलाई विषयवस्तुमा सक्रिय गराउनाले तिनीहरुको व्यवहारमा त्रमिक सुधार ल्याउन सहयोग पुग्दछ । यस अध्ययनको क्रममा शिक्षा विषयको पाठ्यक्रममा भएका विषयवस्तुहरु कक्षामा कसरी अध्यापन गर्ने के कस्ता सामग्री प्रयोग गर्ने ? शिक्षणको वेला शिक्षाविषयको पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा गरिने सम्पूर्ण कार्यको अध्ययनबाट आएका तथ्यहरु विश्लेषणात्मक र गुणात्मक रुपमा प्रस्तुत गरिएका छन् शिक्षणका वेला देखिएका समस्याहरु र समाधानका उपायहरु शिक्षकसँगको अन्तरवार्ता कक्षा अवलोकन विद्यार्थी छलफल सम्बन्धित सरोकारवालासँगको छलफल तथा स्थलगत सर्वेक्षणबाट निम्नकुराहरु प्राप्त भएका थिए ।

मुख्य प्राप्तिहरु :

- शिक्षा विषय एक प्राविधिक विषय समेत रहेको हुँदा शिक्षक तथा विद्यार्थीले सकारात्मक विषयका रुपमा ग्रहण गरेको पाइयो ।
- शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा शिक्षक र विद्यार्थीहरुको सक्रियता राम्रो रहेको पाइयो ।
- शिक्षा विषयको पाठ्यक्रमको कार्यान्वयनमा शिषकले प्रवचन विधिलाई बढी प्राथमिकता दिइएको पाइयो ।
- आवश्यक र उपयुक्त शैक्षिक सामग्रीको निर्माण उपलब्धता र प्रयोगको सम्बन्धमा अधिकांश शिक्षकहरु आफ्नो जिम्मेवारी र कर्तव्य बोध नगर्ने गरेको पाइयो ।
- कक्षाकोठा व्यवस्थापन प्रभावकारी नभएको पाइयो ।

- समयमा नै पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका र अन्य पाठ्य सामाग्री उपलब्ध हुन नसकेको देखियो ।
- शैक्षिक योजना अनुसार कक्षा सञ्चालनमा समस्या देखियो ।
- कक्षा कार्य, गृहकार्य, मूल्याङ्कन, र पाठको पूर्वतयारीमा पनि खासै ध्यान नदिएको पाइयो ।
- शिक्षकहरुसँग पाठ्यक्रम भएता पनि सवै शिक्षकहरुले पाठ्यपुस्तकलाई नै आधारमानी शिक्षण गरेको पाइयो ।
- सवै विद्यालयले वार्षिक कार्ययोजना र दैनिक समय तालिका तयार गरेको पाइयो ।
- सवै विद्यालयले अतिक्ति क्रियाकलापमा खासै ध्यान पुऱ्याएको देखिएन ।
- सवै विद्याललयले शिक्षा विषयको सिकाइ मूल्याङ्कनमा वार्षिक परीक्षालाई मात्रै महत्व दिएको पाइयो ।
- सवै विद्यालयले शिक्षा विषयको सैद्धान्तिक परीक्षालाई मात्र विशेष महत्व दिएको पाइयो।
- पाठ्यक्रम कार्यान्वयनमा अनुगमन र निरीक्षण प्रभावकारी नभएको पाइयो ।
- सवै विद्यालयहरुमा नाम मात्रको प्रयोगात्मक परीक्षा लिई नम्वर दिने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

माध्यमिक तहको शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शिर्षकमा गरिएको यस अनुसन्धानमा प्राप्त भएका मुख्य प्राप्तिहरुको आधारमा निकालिएको निष्कर्ष निम्नानुसार छन् ।

छनौटमा परेका विद्यालयमा यस विषयप्रतिको सकारात्मक धारणा रहेको पाइयो । विद्यालयमा पाठ्यक्रम भए पनि सवै शिक्षकले पाठ्यपुस्तक प्रयोग गरी प्रवचन विधिबाट नै शिक्षण गर्ने गरेको पाइयो । सवै विद्यालयमा वार्षिक कार्य योजना र दैनिक समय तालिका भए पनि योजना अनुसार शिक्षण भएको पाइएन । भएका शैक्षिक सामग्री प्रयोगको अभाव देखियो । विद्यार्थीको आन्तरिक मूल्याङ्कनमा कमी रहेको पाइयो । कक्षाकोठा व्यवस्थानमा कमजोर देखियो । सैद्धान्तिक परीक्षालाई मात्र विशेष जोड दिएको प्रयोगात्मक परीक्षा नाम मात्रको लिने गरेको पाइयो ।

प्र.अ.ले कक्षा शिक्षणमा आइपरेका समस्या प्रति उचित निरीक्षण अनुगमन र परामर्श नगरेको पाइयो । विद्यार्थीमा अनुशासनको कमी रहेको पाइयो ।

पाठ्यक्रमले निर्धारण गरे वमोजिम उपयुक्त शिक्षण विधि छनौटको लागि आवश्यक सीपको विकास गर्न शिक्षक तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ । शिक्षण कार्यमा देखिएका समस्याहरु समाधानका लागि विद्यार्थी शिक्षक अभिभावक वीच राम्रो समन्वय स्थापित गरी समस्या समाधानमा सहयोग पुऱ्याउन सकेमा पाठ्यक्रम कार्यान्वयन स्तरीय हुने थियो । आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउदै शिक्षण गर्दा शैक्षिक उपलब्धीमा सुधार हुने थियो । पाठ्यक्रम कार्यान्वयन गर्ने मुख्य व्यक्ति शिक्षक, विद्यार्थी र स्थल भनेको विद्यालय हो । ती सम्पूर्ण पक्षको राम्रो व्यवस्था भएमा शिक्षा विषयको पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्नका साथै राष्ट्रलाई एक कुशल जनशक्ति प्राप्त हुने थियो ।

## ५.३ सुझावहरु

यस अध्ययनले माध्यमिक तहको शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा देखापरेका समस्याको माध्यमिक तहको शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा देखा परेका समस्या हटाउन पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यस अध्ययनको माथि उल्लेखित मुख्य प्राप्ति र निष्कर्षको आधार यससँग सम्वन्धित निम्न पक्षहरुलाई निम्न लिखित सुझावहरु दिइन्छ :

क) नीतिगत तहका लागि सुझाव

- समयमानै पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका र सन्दर्भ सामाग्रीहरु पर्याप्त मात्रामा सवै विद्यालयमा उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- पाठ्यक्रम कार्यान्वयनका सम्वन्धमा सम्वन्धित निकायहरुबाट समय समयमा विभिन्न गोष्ठीहरु सञ्चालन गरी सम्बन्धित विषय शिक्षकलाई सहयोग पुग्ने गरी सहभागी गराउन पर्दछ ।
- शिक्षा नीति तथा नियमलाई कडाइका साथ लागू गर्न गराउन सक्नु पर्ने देखिन्छ ।

ख) अभ्यास तह/कार्यात्मक तहका लागि सुझाव

- यस विषयलाई केवल प्रवचन विधिको मात्र वढी प्रयोग गरी शिक्षण गर्ने परिपाटी सुधार्न पर्दछः। पाठसँग सम्बन्धित उपयुक्त शिक्षण विधि शैक्षिक सामग्री छनौट तथा निर्माण गरी शिक्षकले शिक्षण गरेको खण्डमा पाठ्यक्रम कार्यान्वयनमा सुधार ल्याउन सकिन्छ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने शैक्षिक सामग्रीको प्रयोगमा ध्यान दिए राम्रो हुनेछ।
- प्रत्येक विद्यालयले वार्षिक त्रैमासिक मासिक एकाइ र दैनिक योजनाबनाई योजना अनुरुप क्रियाकलापहरु कार्यान्वयन गर्नुपर्दछ।
- शिक्षकहरुले अनिवार्य रुपमा वार्षिक शैक्षिक योजना र सो अनुसार दैनिक पाठयोजना निर्माण गरी गरी पूर्ण तयारीका साथ कक्षा शिक्षणमा सरिक हुनुपर्दछ।
- विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका परीक्षाहरु उपयुक्त तरिकाले सञ्चालन गरी मूल्याङ्कन पारदर्शि बनाउनु पर्ने देखिन्छ।
- शिक्षकले पाठमा रहेका क्रियाकलाप तथा अभ्यास अनिवार्य रुपले गराउनु पर्ने देखिन्छ।
- भौतिक सुविधा तथा कक्षाकोठा व्यवस्थापनमा सुधार गर्दै विद्यार्थीलाई अनुशासित बनाउन आवश्यक पहलगर्न पर्ने देखिन्छ।
- विद्यालय प्रशासन, शिक्षक-विद्यार्थी अभिभावक बीच समझदारी गरी सबैको पाठ्यक्रम कार्यान्वयन सामूहिक प्रयत्न हुनुपर्ने देखिन्छ।
- शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयन सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षा लाई विशेष ध्यान दिनु पर्ने देखिन्छ।

ग) अनुसन्धान तहका लागि सुझावहरु

- यस अध्ययनमा माध्यमिक तहको ऐच्छिक द्वितीय शिक्षा विषयको पाठ्यक्रमको मात्र अध्ययन गरिएको हुँदा अरु तहमा पनि पाठ्यक्रमको अनुसन्धान गर्न पछिल्ला अनुसन्धानकर्तालाई सुझाव गर्दछु।

- यस अध्ययनमा एउटा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थाको अध्ययन गरिएको हुँदा अन्य विषयहरुको पाठ्यक्रमको पनि अध्ययन गर्नु पर्ने देखिन्छ ।
- यस अध्ययनले सीमित तीन ओटा विद्यालयमा मात्र केन्द्रित गरेकोले ठूलो नमुनाका रुपमा देशभरका सम्पूर्ण विद्यालयमा अध्ययन गर्नुपर्ने देखिन्छ ।

माथि उल्लेखित सुझावहरुलाई सम्बन्धित सवै पक्षले योजना बनाए कार्यान्वयन गरेको खण्डमा ऐच्छिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान भइ पाठ्यक्रमले राखेका उद्देश्यहरु हासिल गरी दक्ष जनशक्ति उत्पादन हुने विश्वास राख्न सकिन्छ ।

## सन्दर्भग्रन्थ


आचार्य, जयनारायण (२००४), *माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामाग्रीको उपलब्धता तथा प्रयोगको अवस्था,* केन्द्रिय क्याम्पस कीर्तिपुर पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नाकोत्तर तह, अप्रकाशित शोध कृति ।

खनाल, श्रीप्रसाद, तिमिल्सिना, विनोदखण्ड (२०६१), *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* काठमाडौ : क्षितिज प्रकाशन ।

खनाल, श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त,* काठमाडौः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

जवरा, स्वयमप्रकाश, श्रेष्ठ चन्द्रबहादुर र रन्जितकार किरणराम (२०६४), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द(२०५८), *निम्न माध्यमिक तहको पाठ्यक्रम* , भक्तपुर : सानोठिमी, लेखक ।

पौडेल कुमार (२०६१), *माध्यमिक शिक्षाको विज्ञान पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु,* स्नातकोत्तर तहको शोधपत्र त्रि.वि. कीर्तिपुर ।

पाठ्यक्रम विकाश केन्द (२०६५), *विशिष्टीकरण तालिका* , भक्तपुर : सानोठिमी, लेखक ।

भण्डारी, विष्णुप्रसाद (२०६४), *माध्यमिक विद्यालयको विज्ञान विषयमा प्रयोगात्मक पक्षको शिक्षण एवम् मूल्याङ्कन,* स्नातकोत्तर तहको शोधपत्र त्रि.वि. कीर्तिपुर ।

भण्डारी, तुलसीप्रसाद (२०६१) *निम्न माध्यमिक तहको जनसङ्ख्या र वातावरण शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर तहको शोधपत्र त्रि.वि. कीर्तिपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, अप्रकाशित शोधकृति ।

पाठ्यक्रम विकास केन्द्र(२०६४),*माध्यमिक शिक्षा पाठ्यक्रम भाग-१,* भक्तपुर : सानोठिमी, लेखक ।

पाठ्यक्रम विकास केन्द्र(२०६४)*माध्यमिक शिक्षा पाठ्यक्रम भाग-२* , भक्तपुरः सानोठिमी, लेखक ।

सिंह, विजय कुमार (२०६३), *निम्न माध्यमिक विद्यालयको विज्ञान विषयमा प्रयोगात्मक पक्षको शिक्षण एवम् मूल्याङ्कन,* स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा चिरञ्जिवी (२०५८), *शिक्षा मनोविज्ञान,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र(२०६८), *शिक्षा विषयको पाठ्यपुस्तक कक्षा ९ र १०* , भक्तपुरः सानोठिमी, लेखक ।

CERID (1994), *A Study Report Primary Education Curriculumn 1991*, Relevance and issue, Kathmandu.

# अनुसूचि १

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## विद्यालय, प्र.अ. तथा विषय शिक्षकहरुको नामावली

क) विद्यालयहरुको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सरस्वती उ.मा.वि. | इटहरा ७ |
| २. | श्री दुर्गा मा.वि. | इटहरा ६ |
| ३. | श्री जनता मा.वि. | इटहरा ३ |

ख) प्रधानाध्यापकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | योग्यता |
|---|---|---|---|
| १. | श्री सरस्वती उ.मा.वि. | टिकेन्द्र व. पोमू | वि.एड्., एम.ए. |
| २. | श्री दुर्गा मा.वि. | जीत ब. कटुवाल | एम.ए., एम.एड. |
| ३. | श्री जनता मा.वि. | चन्द्र प्र. पराजुली | आइ. एड. |

ग) सम्बन्धित विषय शिक्षकको नाम

| क.सं. | विद्यालयको नाम | शिक्षकको नाम | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | श्री सरस्वती उ.मा.वि. | गोविन्द ब. पौडेल | वि.ए/वि.एड | २३ वर्ष |
| २. | श्री दुर्गा मा.वि. | ध्रुव सिलवाल | वि.एड. | २१ वर्ष |
| ३. | श्री जनता मा.वि. | लक्ष्मी घिमिरे | आइ.एड. | २९ वर्ष |

# अनुसूचि २

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक र विद्यार्थीहरुको नामावली

क) वि.व्य.स.

| क्र.सं. | विद्यालयको नाम | वि.व्य.स. अध्यक्षको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | नारायण प्र. अधिकारी | इटहरा ७ |
| २ | श्री दुर्गा मा.वि. | गोपाल कार्की | इटहरा ६ |
| ३ | श्री जनता मा.वि. | मोहन ब. कार्की | इटहरा ३ |

ख) अभिभावक

| क्र.सं. | सरस्वती उ.मा.वि | दुर्गा मा.वि | जनता मा.वि |
|---|---|---|---|
| १ | चिरञ्जिवी अधिकारी | बलव वस्नेत | चिन्तामणी भट्टराई |
| २ | मेघराज निरौला | उर्मिला पौडेल | केदार गौतम |
| ३ | गुणनिधि पौडेल | सन्त ब. तामाङ | जितनलाल चौधरी |
| ४ | गीता खतिवडा | मान ब. नेपाली | जीवनधामी थारु |
| ५ | टेक ब. लिम्बू | लक्ष्मी प्र भण्डारी | बल ब. थापा |

ग) विद्यार्थी

| क्र.सं. | सरस्वती उ.मा.वि | कक्षा | दुर्गा मा.वि | कक्षा | जनता मा.वि | कक्षा |
|---|---|---|---|---|---|---|
| १ | प्रज्वल अधिकारी | ९ | चन्द्र प्र. पौडेल | ९ | अस्मिता धामी | ९ |
| २ | दिव्या आचार्य | १० | सर्मिला कार्की | ९ | रन्जिता कार्की | ९ |
| ३ | अनिता कार्की | १० | देवी नेपाली | १० | विपिन गौतम | १० |
| ४ | राम प्र. वराल | ९ | किरण पाठक | १० | रविन्द्र थापा | १० |
| ५ | विनिता लिम्बू | १० | कविता नेपाली | १० | नरेश धामी | १० |

# अनुसूचि ३

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## स्रोत व्यक्ति तथा वि.नि.का लागि प्रश्नावली

१. पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो पाउनु भएको छ ?

२. शैक्षिक सामाग्रीको प्रयोगको अवस्था कस्तो रहेको छ ?

३. पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिकाको प्रयोग भएको नभएको के पाउनुभएको छ ?

४. विशिष्टिकरणका आधारमा प्रश्नपत्रहरु निर्माण भएका छन कि छैनन् ?

५. पाठ्यक्रम कार्यान्वयनमा के के समस्याहरु देख्नु भएको छ ?

६. समस्या समाधान गर्ने उपायहरु के के हुन्छन् ?

# अनुसूचि ४

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## प्रधानाध्यापकहरुका लागि प्रश्नावली

क) ऐच्छिक विषय शिक्षा नै किन रोज्नु भयो ?

ख) यो विषय पढ्ने विद्यार्थी कति छन् ?

ग) यो विषयको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका उपलब्ध छन् ?

घ) यो विषय शिक्षण गर्दा आवश्यक पर्ने के के सामाग्री उपलब्ध छन् ?

ङ) शैक्षिक सामग्रीको निर्माण, संकलन कसरी गर्नुहुन्छ ?

च) उपलब्ध सामग्री सही रुपमा प्रयोग भएको पाउनु भएको छ ?

छ) पाठ्यक्रम कार्यान्वयनमा के के समस्या देख्नु भएको छ ? ती समस्या कसरी समाधान गर्न सकिन्छ ?

## अनुसूचि ५

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## शिक्षकहरुका लागि अन्तरवार्ता प्रश्नावली

क) माध्यमिक तहमा पढाइ हुने ऐच्छिक शिक्षा विषयको वारेमा केही कुरा वताइदिनु हुन्छ की ?

ख) तपाइले अध्यापन गर्न थाल्नु भएको कति वर्ष भयो ?

ग) तपाइसँग शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तक छ ?

घ) शिक्षण गर्दा कुन कुन विधिहरु प्रयोग गर्नुहुन्छ ?

ङ) पाठयोजना बनाउने गर्नु भएको छ ?

च) शिक्षा विषय अध्यापनमा शिक्षक निर्देशिका प्रयोग गर्नु हुन्छ ?

छ) कक्षा ९ को पाठ्यपुस्तकमा र कक्षा १० को पाठ्यपुस्तकमा तपाइले कुन कुन शिर्षक अत्यन्त उपयोगी पाउनु भएको छ ?

ज) शैक्षिक सामाग्री कसरी जुटाउनु हुन्छ ?

झ) विद्यार्थीको मूल्याङ्कनका लागि वर्षमा कति पटक परीक्षा सञ्चालन गर्नुहुन्छ ?

ञ) प्रयोगात्मक परीक्षा कसरी लिनुहुन्छ ?

ट) माध्यमिक तहको पुस्तक एक शैक्षिक वर्ष भरिमा अध्यापन गरेर सक्नु भयो ?

ठ) अध्यापन कार्यमा प्र.अ., सहकर्मी शिक्षकहरुको सहयोग पाउनु भएको छ ?

ड) अभिभावकहरु विद्यार्थीको पढाइप्रति तपाइसँग कतिको सरोकार राख्दछन् ?

ढ) विद्यार्थीहरुलाई गृहकार्य दिनुहुन्छ ?

ण) विद्यार्थीलाई एक अध्ययन गर्ने बानीको विकास गर्न के गर्नु पर्ला ?

त) यो विषय अध्यापनमा तपाले देख्नु भएका समस्याहरु बताइदिनु त ?

थ) ती समस्याहरु समाधान गर्न के के सुझावहरु दिनुहुन्छ ?

## अनुसूचि ६

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## विद्यार्थीहरुका लागि समूह छलफलका लागि प्रश्नावली

क) ऐच्छिक शिक्षा विषय तिमिहरुलाई कस्तो लाग्छ ?

ख) ऐच्छिक शिक्षा विषय अध्यापन गराउदा पूर्व पाठको स्मरण कसरी गराउनु हुन्छ ?

ग) पाठ्यपुस्तकमा के कस्ता कमजोरी देखेका छौ ?

घ) शिक्षकले शिक्षणमा कस्ता सामाग्री प्रयोग गर्नुहुन्छ ?

ङ) शिक्षा विषयबाट प्राप्त के कस्ता ज्ञान, सीप र धारणाहरु तिमीहरुको जीवनका लागि काम लाग्छ जस्तो लाग्छ ?

च) शिक्षा विषय कसरी पढाउँदा सान्दर्भिक र उपयोग हुन्छ होला ?

छ) शिक्षकको शिक्षण कति प्रभावकारी लाग्छ ?

ज) शिक्षा विषय पढाउदा कुन कुन विधि प्रयोग गर्नु हुन्छ ?

झ) शिक्षकले के कस्ता परीक्षाहरु लिने गर्नु भएको छ ?

ञ) प्रयोगात्मक परीक्षा कसरी सञ्चालन गर्नु भएको छ ?

ट) शिक्षा विषयलाई अझ प्रभावकारी अध्यापन गराउन के के गर्नु पर्दछ ?

# अनुसूचि ७

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## कक्षा अवलोकन फारम

शिक्षकको नाम, थर : विद्यालयको नाम:

योग्यता: ठेगाना :

कक्षा : विषय :

पाठ : विद्यार्थी संख्या :

| क्र.सं. | विषय | अत्युत्तम | उत्तम | मध्यम | निम्न | अतिनिम्न | कै. |
|---|---|---|---|---|---|---|---|
| १. शिक्षकको व्यक्तित्व | क) सफासुग्घर<br>ख) हसिलो<br>ग) आवाज<br>घ) भाषाको शुद्धता | | | | | | |
| २. पाठको प्रारम्भ | क) कक्षा व्यवस्थापन<br>ख) पाठप्रति रुचि जागरण<br>ग) पूर्व पाठमा आधारित<br>घ) पाठको परिचय | | | | | | |
| ३. पाठको प्रस्तुतिकरण | क) विषयवस्तुको पर्याप्तता<br>ख) विषयवस्तुको क्रबद्धता<br>ग) उदाहरणका उपयुक्तता | | | | | | |
| ४. विद्यार्थी क्रियाकलाप | क) उत्सुकता<br>ख) विद्यार्थीसक्रियता<br>ग) विद्यार्थी अनुशासन | | | | | | |
| ५. शैक्षिक सामग्रीको प्रयोग | क) सामग्रीको गुणस्तर<br>ख) प्रयोगको सान्दभर्किकता | | | | | | |
| ६. शिक्षको क्रियाकलाप | क) विधिहरु<br>अ) व्याख्या<br>आ) प्रदर्शन<br>इ) प्रश्नोत्तर<br>ई) छलफल<br>ख) शारीरिक हाउभाउ<br>ग) विद्यार्थीलाई प्रोत्साहन<br>घ) पृष्ठपोषण | | | | | | |
| ७. विद्यार्थी मूल्याङ्कन | क) पाठको उद्देश्य प्राप्ति<br>ख) मूल्याङ्कन तरिका<br>ग) गृहकार्य | | | | | | |

## अनुसूचि ८

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अभिभावकका लागि अन्तरवार्ता निर्देशिका

क) तपाइको बच्चालाई नियमित विद्यालय पठाउनु हुन्छ ?

ख) बच्चाले पढाइ प्रति कतिको ध्यान दिन्छ ?

ग) बच्चाले तपाइलाई घरको काममा कतिको सघाएको छ ?

घ) बच्चाले नयाँ विषयहरुमा कतिको खोजी गर्दछ ?

ङ) बच्चाले विद्यालयमा गरेका क्रियाकलापहरुको जानकारी तपाइलाई गराउँछ ?

च) तपाइको बच्चाको प्रगति बारे तपाइ विद्यालयमा गई जानकारी लिनु भएको छ ?

छ) विद्यालयले तपाइलाई तपाइको बच्चाको प्रगति मूल्याङ्कन बारे जानकारी गराउदछ ?

ज) बच्चाको पढाइमा आवश्यक सामाग्री समयमानै उपलब्ध गराउनु भएको छ ?

झ) बच्चको पढाइलाई अझ सफल बनाउन विद्यालयले के के गर्नुपर्ला ?

# अनुसूचि ९

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

**विशिष्ट उद्देश्यहरु** (**कक्षा ९**)

माध्यमिक तहको कक्षा ९ को शिक्षा विषयको अध्ययन पूरा गरिसकेपछि यस विषयमा विद्यार्थीहरु निम्न लिखित कार्यहरुमा सक्षम हुनेछन् ।

१. शिक्षाको अर्थ, परिभाषा, उद्देश्य र कार्य बताउन

२. नेपालको वर्तमान शैक्षिक संरचना उल्लेख गर्न,

३. नेपालका विद्यालय शिक्षाका राष्ट्रिय र तहगत उद्देश्य उल्लेख गर्न,

४. बालविकासको परिचय दिई वृद्धि र विकासको भिन्नता छुट्याउन,

५. बालविकासका विभिन्न चरणहरुमध्ये गर्भावस्था र शिशु अवस्थाको परिचय र विशेषता उल्लेख गर्न,

६. पाठ्यक्रमको अर्थ, परिभाष, निर्माणका तत्व र आधारहरु बताउन,

७. पाठ्यक्रम विकासको वर्तमान प्रक्रिया उल्लेख गर्न,

८. शैक्षणिक योजनाको अर्थ र आवश्यकता बताई वार्षिक कार्यपात्रो, कार्ययोजना र एकाइ योजना निर्माण गर्न

९. कक्षाकोठा व्यवस्थापनको अवधारणा, त्यसको आवश्यकता र महत्व उल्लेख गर्न,

१०. शिक्षण प्रक्रियामा प्रयोग गर्न सकिने विभिन्न प्रकारका शिक्षण विधिहरुको परिचय दिई आवश्यकताअनुसार कक्षाकोठामा प्योग गर्न,

११. शैक्षिक सामग्रीको अर्थ, परिभाषा, महत्व र प्रकार बताउन

१२. विद्यार्थी मूल्याङ्कनको अर्थ र परिभाषा दिन

१३. मूल्याङ्कनका प्रकार र साधनहरु उल्लेख गर्न

१४. असल विद्यार्थीका गुणहरु बताउन

१५. विद्यार्थीहरुले आफ्नो कर्तव्य बोध गरी आधारसंहितासमेत पालना गर्न,

१६. अतिरिक्त/सहकार्यकलापको अर्थ र परिचय दिन

१७. विद्यालयभित्र गरिने अतिरिक्त/सहकार्यकलापहरु पहिचान गरी तिनमा सहभागी हुन

१८. सिकाइको अर्थ र महत्व बताई यसका तीन नियमहरुको उदाहरणसहित व्याख्या गर्न

१९. परपक्वता र सिकाइको अन्तरसम्बन्ध व्याख्या गर्दै सिकाइका अपवाद उल्लेख गर्न

२०. शिक्षक शिक्षाको अवधारणा, आवश्यकता, महत्व वर्णन गरी शिक्षक शिक्षाका प्रकार उल्लेख गर्न २१. समावशी शिक्षाको अवधारणासँगै परिचित भई शिक्षा र मानव अधिकार र बाल अधिकार शिक्षाको विकास र विस्तारमा सहयोग गर्न,

२२. शैक्षिक विकेन्द्रीकरणको अवधारणा बताउन,

२३. विद्यालय र समुदायको सम्बन्ध उल्लेख गरी विद्यालयसम्बद्ध सङ्गठित संस्थाको परिचय दिन,

२४. विद्यालय शिक्षामा अभिभावकको भूमिका उल्लेख गर्न,

२५. शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरुको परिचय दिई तिनका कार्यहरु सूचीकरण गर्न ।

**विशिष्ट उद्देश्यहरु (कक्षा १०)**

माध्यमिक तहको कक्षा १० को शिक्षा विषयको अध्ययन पूरा गरिसकेपछि यस विषयमा विद्यार्थीहरु निम्न लिखित कार्यहरुमा सक्षम हुनेछन् :

१. शिक्षाको स्वरुप बताई शिक्षाका वैकल्पिक एवम् आधुनिक चिन्तनको व्याख्या गर्न,

२. नेपालमा शिक्षा विकासका लागि २००७ सालदेखि हालसम्म भएका प्रयासहरु वर्णन गर्न,

३. बालविकासमा वैयक्तितक भिन्नता छुट्याई पूर्व वाल्यावस्था, उत्तर वाल्यावस्था र यौवनावस्थाका चरणहरुका परिचय र विशेषता वर्णन गर्न,

४. बालविकासमा प्रभाव पार्ने तत्वहरु उल्लेख गर्न,

५. विद्यालय तहको वर्तमान पाठ्यक्रम ढाँचा एवम् प्राथमिक तहको पाठ्यक्रमसँग परिचित हुन,

६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सम्बद्ध सन्दर्भ सामग्रीसँग परिचित भई प्रयोगमा ल्याउन,

७. शैक्षणिक उद्देश्यको परिचय दिई दैनिक पाठयोजना र दैनिक कार्य तालिका निर्माण गरी प्रयोग गर्न,

८. प्रभावकारी कक्षाकोठा व्यवस्थापनका उपायहरु अवलम्वन गर्न,

९. शैक्षणिक सङ्गठनको परिचय र प्रकार उल्लेख गर्न,

१०, आधुनिक शिक्षण प्रविधिसँग परिचित हुन,

११. शिक्षणसिकाइका समस्या पहिचान गरी समाधान गर्ने उपायहरु अवलम्वन गर्न,

१२. शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग गर्न,

१३. स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न,

१४. परीक्षा र मूल्याङ्कनको फरक बताउन,

१५. प्रश्नपत्र निर्माणका आधारहरु र प्रश्नका प्रकारहरुसँग परिचित भई तिनको निर्माण र प्रयोग गर्न,

१६. विद्यार्थी उपलब्धिको विश्लेषण र प्रयोगको महत्व उल्लेख गर्न,

१७. असल शिक्षकका गुणहरु र शिक्षकका काम, कर्तव्य उल्लेख गर्न,

१८. विद्यालयबाहिर गरिने अतिक्ति/सहकार्यकलापहरुमा सहभागिता जनाई सञ्चालन गर्न,

१९. विद्यालय समुदाय अन्तर्क्रिया/छलफल कार्यक्रमको आयोजना गर्न,

२०. उत्प्रेरणाको अर्थ र महत्व बताई सिकाइ र उत्प्रेरणालाई प्रभाव पार्ने तत्वहरु उल्लेख गर्न,

२१. कक्षामा उत्प्रेरणा बढाउने उपायहरु उल्लेख गर्न,

२२. नेपालमा शिक्षक शिक्षा र अध्यापन अनुमतिपत्रसम्बन्धी वर्तमान अभ्यास बताउन,

२३. शिक्षक तालिमलाई कक्षाकोठामा प्रयोग गर्ने तरिका बताउन,

२४. समावेशी शिक्षाको अवधारणाअनुसारको व्यवहार प्रदर्शन गर्न,

२५. लोकतन्त्र, शान्ति र समाजिक न्यायका निम्ति सबैका लागि शिक्षाको आवश्यकता र महत्व उल्लेख गर्न

२६. नेपालको शैक्षिक विकेन्द्रीकरणको अभ्यास उल्लेख गर्न,

२७. विद्यालय व्यवस्थापनमा सहयोग पुऱ्याउने विभिन्न निकायको भूमिका उल्लेख गर्न,

२८. क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय एवम् विद्यालयका परिचय दिई तिनका कार्यहरु उल्लेख गर्न,

# अनुसूचि १०

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

### शिक्षा विषयको कक्षा ९ र १० को पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुको क्षेत्र तथा क्रम

| कक्षा ९ | | | | कक्षा १० | |
|---|---|---|---|---|---|
| क्र. सं. | एकाइ/विषय क्षेत्र | विषयवस्तु | पाठभार (घन्टी) | विषयवस्तु | पाठभार (घन्टी) |
| १ | शिक्षाको परिचय | १.१ शिक्षाको अर्थ र परिभाषा<br>१.२ शिक्षाको उद्देश्य<br>१.३ शिक्षाको कार्यहरु | ८ | १.१ शिक्षाको स्वरुप<br>१.२ शिक्षाका वैकल्पिक पद्धतिहरु<br>अर्थ र परिचय<br>औपचारिक र अनौपचारिक शिक्षा<br>खुला तथा दूर शिक्षा<br>१.३ शिक्षामा आधुनिक चिन्तन | ८ |
| २ | शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरु | २.१ शिक्षाका राष्ट्रिय उद्देश्य<br>२.२ नेपालको शिक्षाको संरचना र तहगत उद्देश्य<br>बालविकास शिक्षा<br>पूर्व प्राथमिक शिक्षा<br>प्राथमिक शिक्षा<br>निम्नमाध्यमिक शिक्षा<br>माध्यमिक शिक्षा<br>उच्च शिक्षा | १० | २.१ नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरु<br>२००७ देखि २०२७ सम्म<br>२०२८ देखि २०४६ सम्म<br>२)४७ देखि हालसम्म | १० |
| ३ | बालविकास | ३.१ बालिविकासको अर्थ<br>३.२ बृद्धि र विकास<br>३.३ विकासका विभिन्न चरण<br>३.४ गर्भास्था<br>३.५ शिशु अवस्था | १० | ३.१ बालविकासको वैयक्तिक भिन्नता<br>३.२ पूर्व बाल्यावस्था<br>३.३ उत्तर बाल्यावस्था<br>३.४ यौवनावस्था बालविकास प्रभाव पार्ने तत्वहरु<br>३.५ बालविकासमा प्रभाव पार्ने | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तत्वहरु | |
| ४ | पाठ्यक्रम र पाठ्यसामग्री | ४.१ पाठ्यक्रमको अर्थ, परिभाषा र महत्व<br>४.२ पाठ्यक्रमका तत्वहरु<br>४.३ पाठ्यक्रम निर्माणका आधार<br>४.४ पाठ्यक्रम विकास प्रक्रिया<br>४.५ स्थानीय पाठ्यक्रम | १० | ४.१ विद्यालय तहको वर्तमान पाठ्यक्रम<br>४.२ पाठ्यपुस्तक परिचय<br>४.३ असल पाठ्यपुस्तकका गुणहरु<br>४.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध<br>४.५ पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन<br>४.६ शिक्षक निर्देशिकाको प्रयोग<br>४.७ सन्दर्भ सामग्रीको प्रयोग | १० |
| ५ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | ५.१ शैक्षणिक योजनाको अर्थ र आवश्यकता<br>५.२ शैक्षणिक योजनाहरुको परिचय<br>वार्षिक कार्यपात्रो/तालिका<br>वार्षिक कार्ययोजना<br>एकाइ योजना<br>दैनिक पाठयोजना<br>५.३ कक्षाकोठा व्यवस्थापन अवधारणा, आवश्यकता र महत्व | १० | ५.१ शैक्षणिक उद्देश्य<br>५.२ दैनिक पाठयोजनाको निर्माण र प्रयोग<br>५.३ विद्यालयको दैनिक कार्यतालिका निर्माण<br>५.४ प्रभावकारी कक्षाकोठा व्यवस्थापन<br>५.५ शैक्षणिक सङ्गठन | १० |
| ६ | शिक्षण विधि र शैक्षिक सामग्री | ६.१ शिक्षण विधिको अर्थ, परिचय र महत्व<br>६.२ शिक्षण विधिको प्रकार<br>विद्यार्थीकेन्दित विधि<br>शिक्षककेन्द्रित विधि<br>६.३ शैक्षिक सामग्रीको अर्थ, परिभाषा र महत्व | १० | ६.१ आधुनिक शिक्षण प्रविधिहरु सूचना सञ्चार प्रविधि<br>६.२ शिक्षण सिकाइका समस्या र समाधानका उपायहरु<br>६.३ शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग<br>६.४ स्थानीय शैक्षिक सामग्रीको | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६.४ शैक्षिक सामग्रीका प्रकार ( श्रव्य, दृश्य, श्रव्यदृश्य) | | प्रयोग | |
| ७ | विद्यार्थी मूल्याङ्कन | ७.१ विद्यार्थी मूल्याङ्कनको अर्थ र परिभाषा<br>७.२ मूल्याङ्कनका प्रकार<br>निर्माणात्मक र निर्णयात्मक<br>निरन्तर विद्यार्थी मूल्याङ्कन<br>७.३ मूल्याङ्कनका साधनहरु | १० | ७.१ परीक्षा र मूल्याङ्कन<br>७.२ प्रश्नपत्र निर्माणका आधारहरु<br>७.३ प्रश्नपत्रका प्रकारहरु<br>७.४ विद्यार्थी मूल्याङ्कनका वर्तमान अभ्यासहरु<br>७.५ विद्यार्थी उपलब्धिको विश्लेषण र प्रयोग<br>७.६ विद्यार्थी प्रगतिको अभिलेखीकरण | १० |
| ८ | असल विद्यार्थी तथा शिक्षकका गुणहरु | ८.१ असल विद्यार्थीका गुणहरु<br>नियमितता<br>अध्ययनशीलता आदर/सत्कार<br>सरसफई<br>समयपालन<br>अनुशासन<br>राष्ट्रिय भावना<br>८.२ विद्यार्थीको कर्तव्य र आचारसंहित | ५ | ८.१ असल शिक्षकका गुणहरु<br>व्यक्तिक गुणहरु<br>शैक्षिक गुणहरु<br>सामाजिक गुणहरु<br>८.२ शिक्षकको काम र कर्तव्य | ५ |
| ९ | विद्यालयमा सञ्चालन गरिने अतिक्ति/सहकार्य कलाप | ९.१ अतिरिक्त/सहकार्यकलाप अर्थ र परिचय<br>९.२ विद्यालय भित्र गरिने सहकार्यकलाप/अतिरिक्त कार्यकलापहरु पहिचान र सञ्चालन<br>गीत, कविता, वादविवाद, नृत्य, वक्तृत्वकला, हाजिरी जवाफ<br>हस्तकला चित्रकला<br>शारीरिक व्यायाम, खेलकुद | ५ | ९.१ विद्यालय बाहिर गरिने सहकार्यकलाप/अतिरिक्त कार्यकलापहरु<br>सामुदायिक गरिविधिमा रुचि र सहभागिता<br>सांस्कृतिक मेला, उत्सव, पर्व आदिमा सहभागिता<br>समुदायका सङ्गठित संख्याहरुमा सहयोग<br>विद्यालय समुदाय | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दिवस तथा उत्सव मनाउने कार्य | | अन्तर्किया/छलफल | |
| १० | सिकाइ र उत्प्रेरणा | १०.१ सिकाइको अर्थ र महत्व<br>१०.२ सिकाइका नियमहरु<br>१०.३ परिपक्वता र सिकाइ<br>१०.४ सिकाइका अपवाद | १० | १०.१ उत्प्रेरणा अर्थ र महत्व<br>१०.२ उत्प्रेरणा प्रभाव पार्ने तत्वहरु<br>१०.३ कक्षामा उत्प्रेरणा बढाउने उपायहरु<br>१०.४ सिकाइमा प्रभावपार्ने तत्वहरु | १० |
| ११ | शिक्षक शिक्षा | ११.१ शिक्षक शिक्षा/तालिमको अवधारणा, आवश्यकता र महत्व<br>११.२ शिक्षक शिक्षा/तालिमका प्रकार<br>पूर्व सेवाकालिन<br>सेवाकालिन<br>पुनर्ताजगी | ५ | ११.१ नेपालमा शिक्षक शिक्षा/तालिम<br>११.२ अध्यापन अनुमतिपत्र<br>११.३ शिक्षक तालिम र कक्षाकोठामा त्यसको प्रयोग | ५ |
| १२ | शिक्षाा र अधिकार | १२.१ समावेशी शिक्षाको अर्थ र महत्व<br>१२.२ पाठ्यक्रममा समावेहशीकरण<br>१२.३ पाठ्यपुस्तक र सम्बद्ध शेक्षणिक सामग्रीमा समावेशीकरण<br>१२.४ शैक्षिक विकेन्द्रीकरण<br>१२.५ संविधानमा शिक्षा<br>१२.६ अधिकारको रुपमा शिक्षा<br>मानव अधिकार<br>बालअधिकार | १० | १२.१ कक्षाकोठामा समावेशीकरण<br>कक्षाकोठा व्यवस्थापनमा समावेशीकरण<br>शिक्षणसिकाइ प्रक्रियामा समावेशीकरण<br>१२.२ शान्ति र शिक्षा<br>१२.३ शिक्षा र लोकतन्त्र<br>१२.४ शिक्षा र सामाजिक न्याय<br>१२.५ सबैका लागि शिक्षा<br>१२.६ नेपालमा शैक्षिक विकेन्द्रीकरणको अभ्यास<br>विद्यालय सुधार योजना<br>गाउँ/नगर शिक्षा योजना | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जिल्ला शिक्षा योजना | |
| १३ | विद्यालय र समुदाय सम्बन्ध | १३.१ विद्यालय र समुदायको सम्बन्ध<br>१३.२ विद्यालयसम्बद्ध सङ्गठित संस्थाहरु<br>१३.३ समुदायमा आधारित विद्यालयहरु<br>१३.४ विद्यालय शिक्षामा अभिभावकको भूमिका | ५ | १३.१ विद्यालय व्यवस्थापनमा विभिन्न निकायको भूमिका<br>जि.वि.स., गा.वि.स./न.पा.<br>जिल्ला शिक्षा समिति<br>गाउँ शिक्षा समिति<br>गैर सरकारी सङ्घसंस्थाहरु | ५ |
| १४ | नेपालका शैक्षिक प्रशासनसम्बद्ध निकायहरु | निम्न निकायको परिचय र कार्य :<br>शिक्षा तथा खेलकुद मन्त्रालय<br>शिक्षा विभाग<br>पाठ्यक्रम विकास केन्द्र<br>शैक्षिक जनशक्ति विकास केन्द्र<br>परीक्षा नियन्त्रण कार्यालय<br>अनौपचारिक शिक्षा केन्द्र<br>विद्यालय शिक्षा किताबखाना<br>शिक्षक सेवा आयोग<br>उच्च माध्यमिक शिक्षा परिषद<br>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | १० | निम्न निकायको परिचय र कार्यः<br>क्षेत्रीय शिक्षा निर्देशनालय<br>जिल्ला शिक्षा कार्यालय<br>स्रोतकेन्द्र<br>विद्यालय<br>प्रधानाध्यापक<br>विद्यालय व्यवस्थापन समिति<br>शिक्षक अभिभावक सङ्घ | १० |
| | | प्रयोगात्मक | ३२ | प्रयोगात्मक | ३२ |
| | | जम्मा | १५० | जम्मा | १५० |

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४

## अनुसूचि ११

## माध्यमिक तहमा शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

### विशिष्टीकरण तालिका २०६५

सैद्धान्तिक परीक्षाका लागि

समय : २:१५ घण्टा          पूर्णाङ्क : ७५

उत्तीर्णाङ्क

| क्र. सं. | एकाइ | ज्ञान, बोध तह | | | व्यावहारिक सीप | | समस्या समाधान | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | छोटो उत्तर आउने प्रश्न | | लामो उत्तर आउने प्रश्न | |
| | | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | पूर्णाङ्क | प्रश्न संख्या | पूर्णाङ्क | प्रश्न संख्या | पूर्णाङ्क |
| १ | शिक्षाको परिचय | | १ | ५ | | | | |
| २ | शैक्षिक संरचना र शिक्षा विकासका लागि भएको प्रयासहरु | | १ | ५ | | | | |
| ३ | बालविकास | | १ | ५ | | | | |
| ४ | पाठ्यक्रम र पाठ्यसामग्री | | | | १ | ५ | | |
| ५ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | | | | | | १ | १० |
| ६ | शिक्षण विधि र शैक्षिक सामग्री | | | | १ | ५ | | |
| ७ | विद्यार्थी मूल्याङ्कन | | | | | | १ | १० |
| ८ | असल विद्यार्थी तथा शिक्षकका गुणहरु | | | | १ | ५ | | |
| ९ | विद्यालयमा सञ्चालन गरिने अतिरिक्त/सहक्रियाकालप | | | | | | | |
| १० | सिकाइ र उत्प्रेरणा | | १ | ५ | | | | |
| ११ | शिक्षक शिक्षा | | | | १ | ५ | | |
| १२ | शिक्षा र अधिकार | | | | १ | ५ | | |
| १३ | विद्यालय र समुदाय | | | | | | | |
| १४ | नेपालका शैक्षिक प्रशासनसम्वद्ध निकायहरु | | १ | ५ | | | | |
| | जम्मा | ५ | ५ | २५ | ५ | २५ | २ | २० |

स्रोत : विशिष्टिकरण तालिका, २०६५

## प्रयोगात्मक परीक्षा

पूर्णाङ्क : २५
उत्तीर्णाङ्क : १०

| क.सं. | एकाइ/विषय क्षेत्र | क्रियाकलाप | पूर्णाङ्क | पाठ्यभार |
|---|---|---|---|---|
| १ | पाठ्यक्रम र पाठ्यसामग्री | प्राथमिक तहको पाठ्यक्रमबाट कुनै एउटा विषयको कुनै एउटा एकाइमा आधारित भई पाठ्यक्रम र पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरी सम्बन्धित एकाइका उद्देश्यहरु पहिचान गरी पाठ्यपुस्तकमा दिइएको विषयवस्तुले उक्त उद्देश्यहरु प्राप्ति हुन सक्ने नसक्ने सम्बन्धमा प्रतिवेदन तयार गर्न लगाउने ।<br>प्राथमिक शिक्षा पाठ्यक्रमअनुसार सामाजिक अध्ययन, सिर्जनात्मक कला वा स्वास्थ्य तथा शरीरिक शिक्षा विषयमध्ये कुनै एउटा विषयमा आफ्नो समुदायका लागि उपयुक्त हुने किसिमको स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न गराई नमुना पाठ्यक्रम तयार गर्न | ६ | ८ |
| २ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | दैनिक पाठयोजना बनाई सूक्ष्म शिक्षण गर्न लगाउने | ३ | ४ |
| ३ | शिक्षण विधि र शैक्षिक सामग्री | प्रा.वि. तहका विभिन्न विषयमा प्रयोग हुने आधारभूत शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोग गर्न लगाउने ।<br>शिक्षण सिकाइको क्रममा देखिएका कुनै एउटा समस्या पहिचान गरी | ५ | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | समाधानका उपायबारे कक्षाकोठामा समूहगत अन्तरक्रिया गर्न लगाई प्रतिवेदन तयार गर्न लगाउने । | | |
| ४ | विद्यालय र समुदाय | आफ्नो विद्यालयको व्यवस्थापनमा सघाउ पुऱ्याउने स्थानीय समुदाय वा कुनै एउटा निकायको भूमिका मूल्याङ्कन गरी प्रतिवेदन लेख्न लगाउने ।<br>आफ्नो तथा घर परिवारबाट आफ्नो विद्यालयको व्यवस्थापनमा आफ्नो तथा घर परिवारबाट केकस्तो सहयोग पुगेको छ त्यसबारे प्रतिवेदन लेख्न लगाउने । | ४ | ५ |
| ५ | असल विद्यार्थी तथा शिक्षकका गुणहरु | आफूलाई मनपर्ने कुनै एक शिक्षक - शिक्षकको नाम उल्लेख गर्न नचाहेमा उल्लेख नगरे पनि हुने) मन पर्नाका कारणहरु प्रतिवेदनमार्फत प्रस्तुत गर्न लगाउने (त्यस्तै गरी आफुलाई मन नपर्ने शिक्षकको बारेमा समेत प्रतिवेदन प्रस्तुत गर्न लगाउन सकिने छ तर शिक्षकको नाम उल्लेख गरिरहन जरुरी पर्ने छैन । ) | ३ | ४ |
| ५ | विद्यार्थी मूल्याङ्कन | प्राथमिक तहका कुनै एउटा विषयमा शिक्षक निर्मित प्रश्नपत्र निर्माण गर्ने र उक्त प्रश्नका आधारमा उत्तर कुञ्जिकासमेत बनाउन लगाउने । | ४ | ५ |
| | | जम्मा | २५ | ३२ |

स्रोत : विशिष्टिकरण तालिका, २०६५